# सामुदायिक घरबासको प्रभाव

## (इलाम जिल्ला इलाम नगरपालिका ६ बालनगाउँ सामुदायिक घरबासको एक समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र
विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक
आवश्यकता परिपूर्तिका लागि महेन्द्र रत्न बहुमुखी क्याम्पस
इलाममा समाजशास्त्र विभागमा
प्रस्तुत गरिएको

**शोधपत्र**


**शोधकर्ता**

**बसन्त कुमारी सुब्बा**

**क्याम्पस रोल न.: २०**

**परिक्षा रोल नं.: १०१०० (२०७२)**

**त्रि.वि.र.नं.: ६–१–१–४४–२००६**

**महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाम**

२०७५

**त्रिभूवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**महेन्द्ररत्न बुहमुखी क्याम्पस, इलाम**

**समाजशास्त्र विभाग, इलाम**

## सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालयद्धारा निर्धारीत पाठ्यक्रम अनुसार स्नातकोत्तर उपाधि प्राप्तिको आंशिक आवश्यकता पुरा गर्नको लागि मानविकी तथा समाजशास्त्र संकाय अन्तरर्गत महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाम समाजशास्त्र विभागको छात्रा श्री बसन्त कुमारी सुब्बाले मेरो रेखदेख र निर्देशनमा **"सामुदायिक घरबासको प्रभाव"** इलाम जिल्ला इलाम नगरपालिका ६ बालनगाउँ सामुदायिक घरबासको एक समाजशास्त्रीय अध्ययन विषयक शोधपत्र तयार गर्नुभएको हो । प्रस्तुत शोधपत्रलाई अन्तिम मूल्यांकनको लागि समितिमा पेश गर्न सिफारिस गर्दछु ।

**मिति :**

**श्री माधव प्रसाद गर्तौला**
**शोध निर्देशक**
**शिक्षण सहायक**
**म.र.ब.क्याम्पस, इलाम**
**समाजशास्त्र विभाग ।**

# स्वीकृति–पत्र

त्रिभूवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय, समाजशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयको स्नाकोत्तर उपाधि प्राप्तिको आंशिक आवश्यक्ता परिपूर्ति गर्नका लागि छात्रा श्री बसन्त कुमारी सुब्बाले प्रस्तुत गर्नु भएको **"सामुदायिक घरबासको प्रभाव"** इलाम जिल्ला इलाम नगरपालिका ६ बालनगाउँ सामुदायिक घरबासको एक समाजशास्त्रीय अध्ययन विषयक शीर्षकको प्रस्तुत शोधपत्र मुल्यान्कन समितिको निर्णयबाट स्वीकृति प्रदान गरिएको छ ।

**मूल्यान्कन समिति**

................................

विभागिय प्रमुख

नाम :

................................

वाह्य निरीक्षक

नाम

...........................

शोध निर्देशक

नाम : माधव गर्तौला

**मिति :**

# कृतज्ञता ज्ञापन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय अन्तरगतको म.र.ब. क्याम्पस इलामको समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आठौ पत्र प्रयोजनको लागि तयार पारिएको हो । यसमा इलाम जिल्ला इलाम नगर पालिका ६ बालनगाउँ सामुदायिक घरबासको एक समाजशास्त्रीय अध्ययन गरिएको छ  अध्ययन गरिएको क्षेत्रमा यस विषयमा यो भन्दा पहिला अनुसन्धान भएपनी प्रभावको बारेमा अनुसन्धान नभएको र यस क्षेत्रमा सामाजिक, सांस्कृतिक, आर्थिक पक्षमा के कस्तो प्रभाव पारेको छ भनी अध्ययन गरि प्रस्तुत शोध पत्र तयार गरिएको छ ।

प्रस्तुत शोधपत्र मैले श्रद्धेय गुरु श्री माधव प्रसाद गड्तौलाज्युको निर्देशनमा तयार गरेको हु । उहाँको प्रेरणादायी निर्देशन प्रति म अत्यन्त कृतज्ञ छु । यस शोध कार्य तयार गर्ने कममा विशेष गरि तथ्याङ्क संकलन गर्ने र सहयोग गर्नु हुने सम्पुर्ण महानुभवहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

शैक्षिक योग्यता हासिल गरि यस अवस्था सम्म निरन्तर प्रेरणा, हौसला दिइ सहयोग गर्ने मेरो परिवारजन साथीहरु, सहित्यको लागि अध्ययन गर्दा सम्पुर्ण लेखहरु लगायत प्रत्यक्ष वा अप्रत्यक्ष ढंगबाट सहयोगी महानुभवहरु प्रति कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

शोधपत्र तयार पार्दा शुरु देखी अन्तय सम्म विशेष सहयोग गर्नृ हुने आदरणीय गुरु श्रीमाधव प्रसाद गड्तौलाज्यु प्रति विशेष आभार प्रकट गर्नु चाहान्छु ।

अन्तमा सम्पुर्ण उत्तरदाता जसले मलाई यस शोधपत्र तयार गर्न आफनो व्यस्त समयको वावजुद पनि उत्तर भनी सहयोग गर्नु भयो उहाँहरुलाई हार्दिक आभार प्रकट गदै विशेष धन्यवाद दिन चाहान्छु ।


**शोधार्थी**

**बसन्त कुमारी सुब्बा**

**त्रिभुवन विश्व विद्यालय**

**म.र.ब. क्याम्पस, इलाम**

# विषय सूची


| शिर्षक | पेज नं |
|---|---|
| **अध्याय एक** | |
| **परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उद्देश्य | ५ |
| १.४ अध्ययनको महत्व | ६ |
| १.५ अध्ययनका सीमाहरु | ६ |
| १.६ अध्ययनको सांगठनिक स्वरुप | ७ |
| **अध्याय दुई** | |
| **पूर्व साहित्य समिक्षा** | |
| २.१ सामान्य समिक्षा | ९ |
| २.१.१ पर्यटन र होमस्टे | ११ |
| २.१.१ इलामको विकासमा पर्यटनको भुमिका | १४ |
| २.१.२ नेपालको परिप्रेक्ष्यमा होमस्टे | १५ |
| २.१.३ होमस्टे सम्बन्धि विद्यमान ऐन तथा निती नियम | १७ |
| २.२ सैद्वान्तिक समिक्षा | १८ |
| २.२.१ विश्व व्यावस्थात्मक सिद्वान्त | १८ |
| २.२.२ आधुनिकीकरण सिद्वान्त | २० |
| **अध्याय तीन** | |
| **अनुसन्धान ढाँचा** | |
| ३.१ अध्ययन क्षेत्रको छनौट | २२ |
| ३.२ अनुसन्धान विधि | २२ |
| ३.३ अनुसन्धानको ढाँचा | २२ |
| ३.४ समग्रता र नमुना छनौटविधि | २३ |
| ३.५ तथ्याङ्कको प्रकृति (गुणात्मक र संख्यात्मक तथा स्रोतहरु) | २३ |

३.६ तथ्याङ्क सङ्कलन विधि २४
३.६.१ प्राथमिक तथ्याङ्क सङ्कलन विधि २४
३.६.२ प्रश्नावली २४
३.६.३ अन्तवार्ता २४
३.६.४ अवलोकन २५
३.६.५ वैयत्तिक अध्ययन २५
३.७ मुख्य सूचनादाता २५
३.८ द्वितीय तथ्याङ्क सङलन विधि २५
३.९ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण २६

**अध्याय चार**

**तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण**

४.१ नेपालको परिचय २७
४.१.१ इलाम जिल्लाको परिचय २७
४.१.२ इलाम नगरपालिकाको परिचय २७
४.१.३ इलाम नगरपालिका भित्रका धार्मिक तथा पर्यटकीय स्थलहरु २९
४.१.४ अध्ययन क्षेत्रको परिचय ३१
४.१.५ बालनगाउँ घरबास (होमस्टेमा) उपलब्ध सेवा सुविधाहरु ३१
४.१.६ बालनगाउँ सामुदायिक घरबासमा उपलब्ध सेवा सुविधाहरु ३२
४.१.७ बालनगाउँ सामुदायिक घरबास व्यावसायमा संलग्नको उमेर र लिङ्गगत विवरण ३३
४.१.८ घरबास व्यावसायमा संलग्न व्याक्तिहरुको जातिय विवरण ३४
४.१.९ घरबास व्यावसायमा संलग्न परिवारको मुख्य पेशागत विवरण ३४
४.१.१० घरबास व्यावसायमा संलग्न व्याक्तिहरुको शिक्षा सम्बनधि विवरण ३५
४.१.११ घरबास व्यावसाय प्रति बढ्दो आकर्षणका कारणहरु ३६
४.१.१२ घरबासले पारेको सामाजिक प्रभाव ३७
४.१.१३ घरबासले पारेको धार्मिक तथा सांस्कृतिक प्रभाव ३८
४.१.१४ घरबासले पारेको आर्थिक प्रभाव ३९
४.१.१५ इलाममा घरबासको सम्भावना र चुनौती ४०
४.१.१६ वैयत्तिक अध्ययन ४२

## अध्याय पाँच

## साराशं, निष्कर्ष र सुझाव


५.१ अध्ययनको सारांश ४४

५.२ निष्कर्ष ४६

५.३ सुझावहरु ४८

**सन्दर्भ सामाग्री**

अनुसूची १

अनुसूची २

अनुसूची ३

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पूष्ठभूमि

मानव विकासको क्रममा मानिसहरु जंगलमा बस्ने एक स्थानबाटअर्को स्थानमा बसाइ सर्ने, डुल्दै घुम्दै आफ्ना आवश्यकताहरु पुरा गर्ने गर्दथे । आफैले तयार गरेका रुखका बोक्रा, पात जंगली लहराहरुले शरीर छेक्ने तथा ढाक्ने गर्दथे भने उनीहरुले नै बनाएका भाला तीर र ढुंगा जस्ता खतरनाक हतियार प्रयोग गरी आफु बाच्नका लागि विभिन्न जीवजन्तुको शिकार गर्ने, तरुल, भ्याकुर गिठा जस्ता खाद्यय वस्तु उनीहरुको जीवीकोपार्जनको आधार भएको पाइन्छ । त्यस बेलाको उनीहरुको इतिहासलाई अध्ययन र अनुसन्धान गर्दा त्यो पनि एक प्रकारको पर्यटन रहेछ । तर व्यावसाय होइन भन्ने कुराको अनुमान लगाउन सकिन्छ । त्यसबेलाको घुमाइको एक मात्र उद्धेश्य आफु कसरी बाच्ने भन्ने कुरा वास्तवमा पर्यटनको विश्व इतिहासलाई आधार मान्ने हो भने यो नै प्रारम्भिक मानव जीवनको पर्यटन रहेछ ।

समय परिवर्तनसँगै मानिसको विकास चेतनाको अभिवृद्धि हुदै जाँदा तिनै मानिसहरु एकीकृत हुने समुहमा बस्ने सुखद:ख साटासाटगर्ने स्थायी बसोबासको आधार तयार गर्ने विभिन्न जंगली जनावरहरुसँग बाच्नको लागि सुरक्षित स्थानको पहिचान गर्ने, आहार संकलन तथा सञ्चित गर्ने साथै दुखमा रुने र सुखमा हाँस्ने हसाउने भावनात्मक विचारको पनि विकास हुदै गएको पाइन्छ । एक समुह अर्को समुहमा जाने आफुसँग भएका खाना तथा अन्य वस्तुहरु साटासाटगर्ने, सुरक्षाको लागि सहयोगी भावना अपनाउने जस्ता विषयको विकास पनि वास्तवमा पर्यटनको एउटा अंशको रुपमा लिन सकिन्छ ।

विकासको गति सँगसगै मानिसहरु स्थान परिवर्तन गर्ने, खोला तर्ने नदीनाला पार गर्ने विकास हुदै योग्य भूमिको खोजी गर्ने क्रममा विभिन्न नयाँ ठाउँहरु पत्ता लगाउने नयाँ देश र महादेशको आविष्कार गरेका धेरै घटनाहरु पनि हाम्रा इतिहासमा उल्लेख रहेका छन । अध्ययन अनुसन्धानले यसलाई पनि समय सापेक्ष पर्यटनको आधार मानेको छ ।

उल्लेखित विभिन्न परिवर्तनका चरणहरुलाई पार गर्दे आजको विश्व पर्यटनको माध्यमबाट संसारलाई एउटा सानो घेरामा राख्न सफल भएको छ । मानिस आफै परिवर्तनशील प्राणी भएकाले प्रत्येक मानिस समय अनुकुल परिवर्तन हुन चाहन्छ । यसको सम्भव पर्यटनबाट मात्र हुन सक्छ भन्ने आजका आदर्श व्याक्तित्वहरुको भनाई रहेको कुरा हामी कसैले पनि नर्कान सकिन्दैन ।

आज मानिस अध्ययनको शिलशिलामा होस वा आन्नदको खोजीमा होस नयाँ अध्ययन र अनुसन्धानका सन्दर्भमा होस धार्मिक दृष्टिले होस खेलको माध्यमबाट होस कुनै न कुनै शीर्षकबाट विमुख हुने अवस्था छैन । एक देशमा चिया खाएर अर्को देशमा खाना खान पुग्न सक्ने अवसरहरु हामीलाई आजका अत्याधुनिक प्रविधिहरुले प्रदान गरिसकेको अवस्थामा यसलाई सरलीकरण, सहजीकरण गर्न विश्वमा विभिन्न प्रकारका पर्यटकीय व्यावसायहरु आज सञ्चालनमा आएका छन् ।

हामीसँग भएका प्राकृतिक साधन र स्रोतहरु विश्वमा नै चर्चित रहेका छन् । छिमेकी मुलुकले समेत यसमा आँखा लगाउनु पनि स्वाभाविक नै हो । विश्व जलसम्पपदा को दोस्रो धनी देश यहाँ ६०० नदीनालाहरु बाट ८३ हजार मेगावट विद्युत उत्पादन क्षमता, विश्व आकर्षणको अग्लो हिमशिखर सगरमाथा त्यसमा पनि विश्वमा रहेका अग्ला १० हिशिखरहरु मध्ये ८ वटा नेपालमा रहनुले पनि नेपालको आकर्षण झनै उच्च रहेको पाइन्छ । ठाउँ विषेशको आधारमा स्थापना भएका विभिन्न चिडियाखानाहरु विश्वमा लोप हुन् लागेका जनावरहरुको संरक्षणका साथै यहाँ पाइने बाघ, भालु, सिंह, हात्ति, घोरल, गोही, हाब्रे, हिमचितुवा तथा एकसिंगे गैडा आफैमा एक महत्वपुर्ण आकर्षणका केन्द्र बिन्दु रहेका छन् । त्यसैगरी नेपालमा पाइने ४० प्रकारका सर्प, ८०० प्रकारका चरा, १८० प्रकारका माछा, ६०० प्रकारका पुतली ३२ प्रकारका लालीगुराँस विभिन्न प्रकारका मठमन्दिर, धर्मशाला, बुद्व र जानकीको जन्म जस्ता महत्वपुर्ण इतिहासबाट देशको पहिचान पाइसकेको अवस्था लाई हामी कसैले पनि नकार्न सकिदैन् ।

यस्तै फेवातालको काखमा माछापुच्छ्रेको छाँयाँ, राराताल, वेगनास ताल, तिलिचो ताल ,शे–फोक्सुन्डो ताल, रुपाताल जस्ता प्राकृतिक सौन्दर्यहरु विश्व आकर्षणमा सुचित भइसकेका छन् । यति मात्र नभई हाम्रो देशमा १२५ जाती र १२३ भाषा समेत अध्ययन र अनुसन्धानको केन्द्र बन्न सक्ने सम्भावना रहेको छ । अझ यी जातीहरु भित्र लुकेर रहेका कला संस्कृति र उनीहरुका व्यवहार आदिलाई बाहिर विश्व जगतमा चिनाउनु आजको पर्यटनको महत्वपुर्ण आवश्यकता रहेको देखिन्छ । प्रकाशित भएका तथ्याङ्कको आधारमा ९७५ भु–भाग ग्रामीण क्षेत्रमा रहेको र ८७५ मानिसहरु ग्रामीण क्षेत्रमा बस्दछन् जसले पर्यटनको कुनै महत्व बुझ्ने सुखद अवसर पाएका छैनन् ।

पर्यटकीय व्यावसायीहरु सुविधा सम्पन्न स्थान (शहरमा मात्र ठुलो लगानी गर्ने र त्यसबाट प्राप्त हुने नाफा पनि उनीहरुले मात्र प्राप्त गरिराख्दा पर्यटकीय फाइदाबाट एउटा ग्रामीण क्षेत्रमा बस्ने मानिस बञ्चित रहेकाले उनीहरुलाई कसरी यसको फाइदा पुरयाउँन सकिन्छ । भन्ने सन्दर्भमा (homestay) ले महत्वपुर्ण भुमिका खेलेको पाइन्छ । घरबास पर्यटन भन्नाले ग्रामीण

क्षेत्रमा भ्रमण गर्न आउने स्वदेशी तथा विदेशी पाहुनालाई पारिवारिक खाना तथा आवासको व्यवस्था प्राकृतिक ऐतिहासिक दृश्यावलोकन कला कौशल, खेलकुद लगायत क्रियाकलापहरुको सेवा सुविधा सहित आत्मियता पुर्वक आतिथ्यता प्रदान गर्ने कार्यलाई घरबास पर्यटन भनिन्छ । विश्व आर्थिक वृद्धि क्षेत्रमा एउटा महत्वपुर्ण उपलब्धि मात्र नभएर विश्वमा आर्थिक अभिवृद्धि गर्ने जम्मा १० तरिका मध्ये एक मानिएको छ । यस प्रतिपादनलाई अमेरिका, युरोप, अष्टेलिया लगायतका अधिकांस पत्र पत्रिकामा यसको प्रभाव र महत्व सहित प्रकाशित भएका थिए ।

नेपालमा घरबासको सुरुवात बेलायती सेनाबाट निवृत भएर आफनो गाउँ स्याङजाको शिरुवारीमा फर्केका स्वर्गीय क्याप्टेन रुद्रमान गुरुङले ०५४ मा सुरु गरेको ग्रामीण पर्यटन घरबास अभियान अहिले संस्थागत ढंगले देशभर फैलिएको छ । विश्व जगतमा भइरहेको विकासलाई पर्यटनसँग जोडेर (homestay) लाई हेर्ने हो भने विभिन्न देशहरुमा यसको प्रयोग फरक-फरक तरिकाबाट गरेको पाइन्छ । यसले पर्यटकीय ग्रामीण क्षेत्रहरुको छनोट गर्ने र व्यावसाय विस्तार गर्दै आइरहेको छ । यस्तै यहि ग्रामीण पर्यटन व्यावसायलाई विस्तार गरी निरन्तरता दिने क्रममा इलामको इलाम नगरपालिका वडा नः ६ स्थित बालनगाउँमा पनि बालनगाउँ सामुदायिक घरबास स्थापना भएर सञ्चालनमा आइरहेको छ । यस बालनगाउँमा सञ्चालित घरबास विशेष गरी कृषि पर्यटन नाम दिएर स्थापना भएको हो । इलाम बजारबाट २ किलोमिटर पश्चिम इलाम नगरपालिका वडा नं. ६ मा अवस्थित बालनगाउँ लिम्बु र नेवार जातिको बसोबास भएको गाउँ हो । यो ठाउँले परम्परागत गाउँको प्रतिनिधित्व गर्दछ । यहि गाउँको २० घरमा २०७२ सालबाट घरबास सञ्चालनमा छ । यस घरबास सञ्चालनको लागि एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तरगत कृषि उद्यम केन्द्र मार्फत इलाम उद्योग वाणिज्य संघले सहजीकरण गरिरहेको छ ।

यस बालनगाउँ सामुदायिक घरबासमा विशेष गरि स्थानीय स्तरमा उत्पादित खाद्यय पदार्थहरुको प्रयोग गरी उक्त घरबासमा आउने पाहुनाहरलाई खान र बस्नको व्यावस्था गरिन्छ । स्थानीय उत्पादन र अर्गानिक खाद्यय वस्तुहरुको उपलब्ध छ भने लिम्बु र नेवारी परिकारहरु साथै लिम्बु र नेवारी संस्कृतिको साथमा रमाउन सकिन्छ । त्यस्तै गरि बालनगाउँ घरबासको एउटा सामुदायिक भवन पनि छ उक्त भवनमा तालिम, गोष्ठी, सभा र समारोह पनि गर्न सकिने व्यावस्था छ । इलाम बजारबाट थोरै टाढा तर शान्त वातावरण घरबासमा पाउन सकिन्छ । विषेश गरि यहाँ आन्तरिक पर्यटकहरुको आगमन बढी हुन्छ । बिदाको समयलाई सदुपयोग गर्न, मनोरञ्जन गर्न, विद्यार्थीहरु अध्ययन प्रयोगात्मक साथै अनुसन्धान गर्नको लागि, शैक्षिक वा संस्थागत भ्रमणको टोली, साथै राजनितिक भ्रमणको टोलीहरुको आगमन हुन्छ । यो घरबास सामुदायिक रुपमा सञ्चालनमा रहेको कारण पाहुनाहरुलाई पालो अनुसार राख्ने गरिन्छ ।

इलाम जिल्लामा अन्य घरबासहरु पनि सञ्चालनमा आएका छन् । इलाम एक पर्यटकीय सम्भावना बोकेको जिल्ला पनि हो । पछिल्लो समयमा ग्रामीण क्षेत्रको विकास गर्ने उद्देश्य लिएर धमाधम घरबासहरु स्थापना हुदैछ, केही सामुदायिक त केही व्याक्तिगत घरबास स्थापना हुने क्रम जारी छ । ग्रामीण जनतालाई ग्रामीण पर्यटन सम्बन्धी चेतनाको विकास भएको पाइन्छ । स्थापना गरेर सफल रुपमा सञ्चालन हुन् सक्नु यसको चुनौतीको विषय रहेको छ । इलाम जिल्लामा सञ्चालित घरबासहरु केही मात्र सफल रुपमा सञ्चालनमा आएको पाइन्छ । भने धेरै जसो सफल रुपमा सञ्चालित पाइन्दैन । यस्तो अवस्थामा पनि अन्य नयाँ घरबासहरु धमाधम स्थापना हुदै गरेको अवस्था छ तर घरबासलाई सफल रुपमा सञ्चालन गर्न सरोकारवाला सबैको यस विषयमा ध्यान जान सके इलाम पर्यटन व्यावसायमा अग्रपङक्तीमा रहने सम्भावना धेरै छ ।

नेपालमा आधिकारिक रुपमा होमस्टे वि:स:२०६७ देखी वि:स:२०७३ सम्म आइपुग्दा करिब १५० वटा दर्ता भएको पाइन्छ । त्यसो त यसको महत्वको बारेमा जनचेतना वृद्धि हुदै गइरहेको देखिन्छ । यस भित्रका व्यावस्थापकीय उत्तरदायित्वका साथै विभिन्न परिमार्जनका कार्यहरु भने प्रभावकारी हुन् बाँकी नै रहेको अवस्थामा घरबासको सञ्चालन भइरहेको छ ।यहाँ सञ्चालनमा रहेका घरबास सामुदायिक र निजि गरी जम्मा दुई प्रकारका रहेका छन् यसलाई अझ बढी प्रभावकारी बनाउन सरोकारवाला सबै निकायबाट समन्वय गरि सम्बन्धित बिषयका विज्ञहरुको राय सुझाव लिदै उक्त क्षेत्रको अध्ययन तथा अनुसन्धानलाई प्रभावकारी बनाउदै लैजानुका साथै राज्यका सम्बन्धित निकायहरु बाटअनुगमन गर्न आवश्यक रहेको देखिन्छ । (होमस्टे कार्यविधि २०६७)

## १.२ समस्याको कथन

विकसित देशहरुमा अमेरिका, युरोप, अष्ट्रेलिया आदिमा घरबासलाई उच्च अर्थिक आयको औजारको रुपमा प्रयोग गरेको पाइन्छ । यस्ता प्रकारका देशहरुले (होमस्टेमा) ठुलो लगानी गर्दे यसलाई business र entertainment को रुपमा लिएको पाइन्छ । जहाँ अत्यन्तै सुविधा सम्पन्न घरबासहरु पाइन्छ ।

त्यस्तै विकासोन्मुख राष्ट्रहरु मलेसिया र केन्या जस्ता देशहरुले यसलाई business का साथै product /employment मा विशेष जोड दिएको पाइन्छ । यसले उनीहरुको पर्यटनमा वृद्धि भएको र पर्यटनबाट प्राप्त हुने आयमा सुधार भइरहेको त्यहाँबाट प्रकाशित भएका अध्ययन र अनुसन्धानले देखाएको छ । यस्तै हाम्रो छिमेकी राष्ट्र चीनले यसलाई फरक किसिमबाट प्रयोगमा ल्याएको पाइन्छ । घरबासलाई त्यहाँ दुई तरिकाबाट अगाडी बढाइएको छ । एकातिर

traditional र अर्कोतिर morden homestay सञ्चालनमा ल्याइएको छ । जहाँ उनीहरुको इतिहासलाई स्मरण गराउने १०००औ वर्ष अघिको कला, संस्कृति र संस्कारलाई संरक्षण गर्न खोजिएको छ भने अर्को प्रकारका homestay आधुनिक र सुविधा सम्पन्न पर्यटन व्यावसायको रुपमा सञ्चालन गरिएको छ । जहाँ विश्वभरका पर्यटकहरु को आकर्षण बढेको  पाइन्छ । यसबाट उनीहरुको राष्ट्रिय आयमा सहयोग पुगेको छ । विश्व पर्यटन व्यापारको अवधारणा अनुसार पनि संसारको पछिल्लो र प्रभावकारी व्यावसाय भनेको पर्यटन बाहेक अन्य हुन सक्दैन् । आज विकासको दृष्टिले विश्वलाई विभाजित गर्नेमा पनि पर्यटकीय विकास र उनीहरुको आगमन नै रहेको छ । आज Usa/Austrlia/Canada लगायत हाम्रा छिमेकी देश भारत र चीनले पनि प्रशस्त पर्यटकहरु भित्रयाएका र त्यसबाटराष्ट्रिय स्तरमा ठुलो आर्थिक सङकलन गर्न सफल भएका छन् । यसको प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा त्यहाँका प्रत्येक नागरिकले प्राप्त गरेका छन् । हाम्रो देशबाट करिब ४ हजार कि.मीको दुरीमा रहेको मरुभूमि देश दुबई र त्यहाँको पर्यटकीय विकासका लागि कृत्रिम आकर्षणले अधिकांश मानिसहरु आकर्षित भएका छन् ।त्यस्तै श्रीलङका लगायत चीनको स्वाशासित क्षेत्र तिब्बतमा पनि अत्याधिक पर्यटकहरु आइरहँदा प्रशस्त स्रोत र साधन हुदाहुँदै पनि हाम्रो देशमा किन पर्यटकको आगमनबाट सन्तुष्ट हुन् सकिएन ? यो हामी तमाम नेपालीको साझा प्रश्न हुन् सक्दछ ।

नेपालको सम्पुर्ण जिल्लाहरु पर्यटकीय हिसाबले महत्वपुर्ण रहेका छन् । त्यस मध्ये पनि इलाम जिल्ला पर्यटकीय हिसाबले धेरै नै महत्वपुर्ण जिल्लाको रुपमा चिनिन्छ ।  तर पनि इलाम जिल्लाको नगरपालिका भित्रको पर्यटकीय स्थलहरुको हालसम्म पनि प्रभावकारी रुपमा अध्ययन गरिएको पाइदैन् । त्यसैले यी विषय सँग सम्बन्धित समस्याको अनुसन्धान गरी घरबास व्यावसायले पारेको प्रभाव पत्ता लगाई समस्या समाधानमा सहायक हुनेछ साथै यी माथिका उल्लेखित प्रश्नहरुको उत्तर खोज्ने प्रयास पनि गरिएको छ । इलाम पर्यटकीय सम्भावना बोकेको देश संसारको पछिल्लो प्रभावकारी व्यावसाय पर्यटन व्यावसाय भए पनि यस क्षेत्रका ग्रामीण पर्यटन को समाजमा कस्तो प्रभाव रहेको छ । यहि वास्तविकता जान्न आवश्यक ठानी यसलाई अध्ययन क्षेत्र बनाइएको छ । निम्न समस्यामा केन्द्रित रहेर अध्ययन गरिने छ :–

- घरबास भनेको के  हो ?
- घरबासले समाज मा पारेको प्रभाव कस्तो छ ?
- अध्ययन क्षेत्रमा घरबासको अरु सम्भावना र चुनौतीहरु के कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन क्षेत्र इलाम जिल्लाको इलाम नगरपालिका वडा नं. ६ मा सञ्चालित सामुदायिक घरबासको प्रभावको बारेमा जानकारी प्राप्त गर्नु रहेको छ । यस अनुसन्धानको विशिष्ट उद्वेश्यहरु यस प्रकार रहेका छन् ।

- घरबासले सामाजिक, सांस्कृतिक, तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउने ।
- घरबासको सम्भावना र चुनौती पत्ता लगाउने ।
- घरबास पर्यटन प्रति ग्रमीण जनताको बढ्दो आकर्षण को कारण पत्ता लगाउने ।
- घरबासलाई सफल रुपमा सञ्चालन गर्नको लागि आवश्यक पर्ने उपायहरु पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

इलाम जिल्ला प्राकृतिक सौन्दर्यको हिसाबले नेपालको एउटा चर्चित स्थल हो । नेपालको ७५ जिल्लामा एउटा सुन्दर शान्त र हरियाली जिल्लाको रुपमा परिचित इलाम हो । क्षेत्रफलको हिसाबले सानो भएतापनी भौगोलिक विविधता अनी प्राकृतिक सम्पदाले भरिपुर्ण कारण नै नेपालभरि र अन्तराष्ट्रिय स्तरमा आफनो छुट्टै पहिचान कायम राख्न सफल रहेको छ । यही कारण इलाममा वर्षेनी हजारौ पर्यटकहरु भित्रिने गर्दछन् तर पनि पर्यटकहरुको बसाई एक दिन भन्दा लामो हुन् सक्दैन् ।

इलाममा पर्यटन व्यावसायको सम्भावना प्रचुर भए पनि यो व्यावसाय सफल रुपमा सञ्चालन हुन् र फस्टाउन सकिरहेको छैन् । सरोकारवालाहरु बीचको समन्वयको कारण पनि हुन सक्छ । साथै यहाँका स्रोत साधनहरुको सहि रुपमा सदुपयोग हुन नसकेर पनि हो जति मात्रमा पर्यटकीय हिसाबले विकास हुनुपर्ने हो त्यति हुन सकिरहेको छैन् । त्यसैले यस अध्ययनमा होमस्टे पर्यटन व्यावसायको बारेमा जानकारी प्राप्त गर्नको लागि पनि यस अध्ययन तथा अनुसन्धानको महत्व रहने छ :

- होमस्टे भनेको के हो भन्ने कुराको जानकारी जिज्ञासुहरुलाई दिनेछ ।
- होमस्टेको सम्भावना र चुनौतीको अध्ययन गरी सफल रुपमा सञ्चालन गर्न प्रेरित गर्नेछ ।
- अनुसन्धानकर्ता लाई होमस्टेले सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ भन्ने बारेमा थप अनुसन्धान का लागि सुचना उपलब्ध गराउने छ ।

यस अध्ययनले यस पछिका अनुसन्धानमा यस्तै प्रकारबाट अध्ययन गर्न चाहने खोजकर्तालाई सन्दर्भ साहित्यको रुपमा सहयोग मिल्न सक्ने छ । साथै होमस्टे प्रतिको बढ्दो आकषर्ण पत्ता लगाई यसलाई पर्यटन विकासको बलियो सम्भावनाको रुपमा विकास गरी निति निर्माण तहमा आवश्यक नितिहरु निर्माण गर्न र कार्यन्वयन गर्न सहयोग मिल्ने छ ।

## १.५ अध्ययनका सीमाहरु

यस अनुसन्धान कार्य इलाम जिल्लाको इलाम नगरपालिका वार्ड नः ६ को बालनगाउँ सामुदायिक घरबास भित्र रहेर गरिएको अध्ययन हो । यस स्थानमा सञ्चालन गरिएको घरबासको सामाजिक सांस्कृतिक र आर्थिक अवस्थाको बारेमा मात्र अध्ययन गरिएको छ । इलाम पर्यटकीय हिसाबले प्रशस्त सम्भावना भएको जिल्ला भएकोले पर्यटनको क्षेत्र बृहत छ । यस अध्ययन एउटा सानो क्षेत्रमा गरिएको अनुसन्धान भएको हुनाले यसबाटप्राप्त हुने निष्कर्ष अन्य घरबाससँगको अवस्थालाई प्रतिनिधित्व नर्गन सक्छ । शोधकर्ताले आफनो अध्ययनको विषय भित्र परेको एउटा विषयको मात्र अध्ययन गर्नु पर्ने भएकोले र समय को सिमितता आदि कारणले गर्दा पनि बृहत क्षेत्रलाई समेटेर अध्ययन गर्न सकिएको छैन् ।

यस अध्ययनमा शोधकर्ता विद्यार्थी भएकोले पनि यसमा लाग्ने आर्थिक स्रोतको अभावका कारणले गहिरिएर बृहत पर्यटन व्यावसायलाई समेटन् सकेको छैन् ।

## १.६ अध्ययनको सांगठनिक स्वरुप

यस शोधपत्रको अध्ययन तथा अनुसन्धानलाई कुल ५ वटा अध्यायमा विभाजन गरिएको ।

**अध्याय -एक**

- अध्ययनको पृष्ठभुमी
- समस्याको कथन
- अध्ययनको उद्वेश्य
- अध्ययनको महत्व
- अध्यनको सांगठनिक स्वरुप
- अध्ययनका सीमाहरु

**अध्याय दुई**

- पुर्व साहित्यको समीक्षा
  (क) सामान्य समीक्षा
  (ख)सैद्धान्तिक समीक्षा

**अध्याय तीन**

- अनुसन्धान विधि

**अध्याय चार**

- नेपालको परिचय
- इलाम जिल्लाको परिचय
- इलाम नगर पालिकाको परिचय
- सामुदायिक घरबासको प्रभाव
- तथ्याङ्कको तालिकीकरण र विश्लेषण

**अध्याय -पाँच**

- सारांश
- निष्कर्ष
- सुझाव

अन्तयमा, सन्दर्भ सामग्री, प्रश्नावली असूचीहरु र फोटोहरु ।

# अध्याय दुई

# पूर्व साहित्य समिक्षा

## २.१ सामान्य समीक्षा

विश्वमा भइरहेको आर्थिक असमानतालाई न्यूनीकरण गर्नुपर्छ भन्ने विषयमा विभिन्न देशहरु मा फरक-फरक प्रकारका छलफल, सेमीनार गोष्ठी भइरहने गर्दछन् । Professor Lewerence Lessing का अनुसार इ.सं. २००८ मा Havard विश्वद्यिालय USA बाट Sharing Economic वा विश्वमा चलायमान आर्थिक अवसरलाई कसरी बाँडफाड गर्न सकिन्छ भन्ने कुरालाई अगाडी ल्याए, यही अवधारणाको माध्यमबाट नयाँ आर्थिक वितरणको सम्भाव्यतालाई आधार मान्दै Homestay लाई व्यावस्थित गर्दै लगियो । नेपाल र भारतमा पनि Homestay को प्रयोग भएको पाइन्छ । यहाँका घरबासहरु मध्यम खालका र प्रयोगको चुनौतीको अवस्थामा रहेका छन् । यी देशहरुमा अझै पनि यसलाई प्रभावकारी बनाउन नयाँ खोज र अनुसन्धानहरु भइरहेका छन् । यसको अध्ययन सरकारी तथा गैरसरकारी दुवै निकायहरुबाट उतिकै महत्वपुर्ण रुपमा लिइएको पाइन्छ । (प्रसाई, २०६७)

नेपालको सन्दर्भमा नयाँ पर्यटकीय अवधारणालाई मध्यनजर गदै लामो समय पछि वि:सः २०६५ सालमा पर्यटन नीति पर्यटकीय गाउँको छनोट र वि:सः २०६७ सालमा होमस्टे कार्यविधिले पुर्णता पाएको अवस्था छ । यसले ग्रामीण क्षेत्रको आर्थिक विकास, रोजगारी, ग्रामीण प्रतिभाको प्रस्फुटन गराउने आदि कार्यमा जोड दिएको पाइन्छ । पर्यटन नीति २०६५ को उद्वेश्य "पर्यटन क्षेत्रको विविधिकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्या-पर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आबद्ध गरी उनीहरुको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्द्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्ने तथा ग्रामीण पर्यटनलाई पर्यटन व्यावसायको उप-क्षेत्रको रुपमा अघि बढाउने भन्ने नीतिगत व्यावस्था रहेको छ । यसै गरी नेपालका पर्यटकीय गाउँको छनौट तथा विकास गरी पर्यटकहरुका लागि खास अवधी को Homestay Village Tourism कार्यक्रमलाई प्रोत्साहन गर्ने रहेको छ । नेपाल सरकारले सन् २०११(२०६७) लाई नेपाल पर्यटन वर्ष घोषणा गरेपछि होमस्टे कार्यविधि बनाएर संस्थागत पहल सुरु गऱ्यो । तारा गाउँ विकास समिति नामक पर्यटनसँग सम्बन्धी संस्थाले विभिन्न सरोकारवाला निकायहरुसँग मिलेर २०६७ मा काठमाण्डौको कपनमा पहिलो होमस्टे राष्ट्रिय कार्यशाला गोष्ठी आयोजना गरेको पाइन्छ । यो गोष्ठीको मुल उद्वेश्य नेपाल पर्यटन वर्षमा पर्यटकको संख्या धेरै ठुलो हुने हुँदा होटलमा बसाइ गर्ने सबैलाई समस्या परेमा

होमस्टेसम्म पर्यटकलाई लगेर वैकलिपक व्यावस्थापन गर्ने र पर्यटनलाई ग्रामीण तह सम्म पुचाउने उद्वेश्य रहेको थियो । राज्यले सोचे जस्तो ठुलो संख्यामा पर्यटकहरु आएनन् तर देशको विभिन्न भागमा होमस्टे दर्ता र सञ्चालक गर्ने लहर नै चलेको पाइन्छ ।

तारा गाउँ विकास समितिद्वारा आयोजित दोस्रो कार्यशाला गोष्ठी २०७० सम्म आइपुग्दा नेपालभर निजी र सामुदायिक गरी सयौ संख्यामा होमस्टे दर्ता भई सञ्चालनमा आएका र कतिपय दर्ता नभई अनौपचारिक रुपमा चलेका होमस्टेहरुको अनुगमन र नेतृत्व र बजारीकरणको लागी होमस्टे एशोसिएसन वनाउनु पर्ने भएकोले गोष्ठी पश्चात नुवाकोट भ्यू सामुदायिक होमस्टेका तत्कालीन अध्यक्ष श्याम सुन्दर श्रेष्ठको संयोजकत्वमा १५ सदस्य तदर्थ समिती निर्माण गरियो ।

लामो समयको अनवरत प्रयास पछि तारा गाउँ विकास समिती, नेपाल र्पयटन वोर्ड, WWF अमलटारी सामुदायिक होमस्टे र देशभरका होमस्टे कर्मीहरुको आर्थिक एंव सबै खालको सहयोगमा २०७२/१२/७, ८, ९ गते नवलपरासीको अमलटारिमा राष्ट्रिय स्तरको होमस्टेको प्रथम सम्मेलन एंव गोष्ठी माननीय पर्यटन मन्त्री आन्नद प्रसाद पोखरेलको प्रमुख आतिथ्यतामा भव्यतापुर्वक सम्पन्न भयो । भीम बहादुर के.सी को अध्यक्षतामा २५ सदस्सीय केन्द्रिय कार्य समिती चयन भएको र तारा गाउँ विकास समितीले २०७३ वैशाख २५-२६ मा डल्ला होमस्टे बर्दियामा आयोजना गरेको थियो । तेस्रो राष्ट्रिय होमस्टे कार्यशाला गोष्ठीमा आइपुग्दा देशभरका १६५ वटा संस्थागत होमस्टेहरु मध्ये ७८ वटा एशोसिएसनमा आबद्व भइसकेका छन् । भने आगामी दिनमा एशोसिएसन होमस्टेको प्रवर्द्धन, अनुगमन, नेतृत्व विकास, बजारीकरण, व्यावसाकि हकहित लगायत सबै क्षेत्रमा अझ बढी कियाशील भएर लाग्ने योजना रहेको पाइन्छ । (होमस्टे बुलेटिन २०७३)

वर्तमान सरकारको योजना अनुसार ३ सय होमस्टे खोल्ने सरकारी लक्ष्य रहेको पाइन्छ । पर्यटनलाई प्राथमिकता दिएको गण्डकी प्रदेश सरकारले गाउँ र सहरमा होमस्टे खोल्ने योजनालाई कार्यान्वयन गर्न कार्यविधि ल्याएको छ । सन् २०२२ सम्म २० लाख पर्यटक भिन्नयाउने र प्रदेशभर ३०० होमस्टे खोल्ने लक्ष्य लिएको गण्डकी सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेश स्तरीय कार्यविधि ल्याएको हो । ग्रामीण क्षेत्रमा पर्यटन प्रवर्द्धन गरी पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदायसम्म पुचाउने, ग्रामीण क्षेत्रको  जनतालाई पर्यटन सेवामा सहभागी गराउने, ग्रामीण समुदायको वैकल्पिक आयस्रोतका रुपमा पर्यटनजन्य आयवृद्धि गरी जीवनस्तर सुधार गर्ने सरकारको उद्वेश्य छ । होमस्टेको माध्यमबाट ग्रामीण तथा स्थानीयस्तरमा स्वरोजगारको विकास युवा पलायनलाई घटाउने होमस्टे कार्यविधिमा उद्वेश्य उल्लेख गरिएको छ ।

ग्रामीण क्षेत्रमा घुम्न मन पराउने पर्यटकलाई सहज बसोबासको व्यवस्थापन गरी गाउँका ऐतिहासिक, धार्मिक र रमणीय स्थानबारे जानकारी दिने तथा घुमाउने आदि व्यवस्था हुन्छ । मन्त्रालयका सचिव बुद्धिसागर पौडयालका अनुसार होमस्टे सञ्चालन गर्ने समुदायलाई पूर्वाधारका लागि बजेटदिने सरकारको निति छ । बाटो, खानेपानी, सामुदायिक भवन जे मा चाहिन्छ त्यसमा बजेट दिने व्यावस्था गर्ने भएको छ । होमस्टे खोल्न चाहानेहरुलाई २०७५ साउनमा सुचना मार्फत आहवानै गरिने पनि जानकारी छ ।

होटलको सट्टा घरमै पर्यटक राख्ने गरी नीजि र सामुदायिक होमस्टे सञ्चालन गर्न सरकारले कार्यविधि बनाएको हो । कम्तीमा ५ घरधनीले सामुहिक रुपमा सञ्चालन गरेको होमस्टे सामुदायिक होमस्टे मानिने कार्यविधिमा उल्लेख छ । स्थानीय रीतिरिवाज, कला संस्कुति र रहनसहनको होमस्टे पर्यटनबाट प्रचार हुने विश्वास सरकारले गरेको छ । पर्यटकको चाहना अनुरुप स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र परम्परागत खेलमा सहभागी गराउने, उपल्बध हुने क्षेत्रमा जंगल ट्रेक, इकोट्रेक तथा दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्नुपर्ने प्रावधान कार्यविधिमा छ ।

होमस्टे चलाउँदा घरमा पाहुनाका लागि छुट्टै कोठा हुनुपर्ने र कोठामा आवश्यक हुने मापदण्ड कार्यविधिले तोकेको छ । सरसफाईमा ध्यान दिनुपर्ने, शौचालय र स्नानगृह हुनैपर्ने लगायत मापदण्ड तोकिएको छ । सामुदायिक होमस्टे चलाउँदा भवन हुनुपर्ने पनि अनिवार्य मानिएको छ । सहरमा होमस्टे सञ्चालन गर्दा होटल भन्दा १ किलोमिटर टाढा हुनुपर्ने उल्लेख गरिएको छ । सहरी तथा व्याक्तिगत होमस्टेको सञ्चालन गर्न न्युनतम ४ बेड र २ कोठाको व्यावस्था हुनुपर्ने छ, इमेल तथा इन्टरनेटको अनिवार्य व्यावस्था गर्नु पर्ने जस्ता व्यावस्था रहेको छ । (अन्नपुर्ण पोष्ट, २०७५)

## २.१.१ पर्यटन र होमस्टे

धेरै मानिसहरुको रुची भ्रमण गर्नु हो । भ्रमण बाटनै मानिसले धेरै कुरा जान्ने र सिक्ने मौका प्राप्त गर्दछ । तसर्थ ऊ हरपल हरक्षण कहि न कहि घुमफिर गरेर आफनो मन बहलाउन चाहन्छ । भनिन्छ मानवले गर्ने धेरै जसो कामकुरा मौसम अनुकुल हुनुपर्छ अनि मात्र त्यस कामको उपलब्धि सकारात्मक हुन्छ । मानिसले गर्ने धेरैजसो काम मौसमद्वारा निर्धारित हुन्छन् । चाहे किसानको खेतीपाती  देखी चाडपर्व खेलाडीको खेलकुद गतिविधि देखी विद्यार्थीको परिक्षासम्मको कार्यतालिका मौसम अनुसार नै बनेको हुन्छ । समाज विकसित र परिवर्तनशील हुदै जाँदा मानिसका आवश्यकताहरु पनि बढदै गएको छ । प्रविधिको विकास सँगै मानिसहरु बढी भन्दा बढी

सुविधाभोग गर्ने चाहना बढदै गएको पाइन्छ । रमाउन चाहान्छन्, खुशी साट्न चाहान्छन्, मुल्यवान समय कामको बोझबाटकेही क्षण फुर्सद मिलाएर मन लागेका कार्यहरु गर्दछन् । कोहि परिवारमा बसेर रमाइलो गर्दछन्, कतिपय खेलकुद ट्रेकिङ्ग साथै धेरै जसो मानिस रमाउन र केहि कुरा सिक्न विभिन्न ठाउँको चर्चित स्थलहरु घुम्न जानछन् ।

मंसिर महिना भ्रमणको लागि उपयक्त समय हो । यस अवसरको उचित सदुपयोग गर्न विद्यालय, पारिवारिक, साथीसँगी, संघसंस्था, कृषक समुह, सरकारी कार्यालय, बचत तथा श्रृण सहकारी संस्था अग्रणी रहेको पाइन्छ । यो मौसम वनभोज, अध्ययन अवलोकन, अनुसन्धान, धार्मिक शैक्षिक धेरै प्रकारको बहानामा भ्रमणमा निस्कने गर्ने गरेको पाइन्छ । यस किसिमको भ्रमणले मानिसलाई रमाइलो मात्र होइन् नयाँ नयाँ कुरा सिकाउने नयाँ कार्य गर्ने उत्साह, जोस जाँगर तथा उर्जा समेत प्रदान गर्छ । विद्यालयका नानीहरुले पनि शिक्षासँगै विभिन्न स्थानको रहन सहन, संस्कृति, सम्पदा भौगोलिक बनावटबारे जानकारी लिई आफनो ज्ञानको दायरालाई फराकिलो पार्न सफल हुन्छन् । साथै भ्रमणको रमाइलो आन्नदको साथसाथै ती स्थानबाट धेरै कुरा जान्न र सिक्न पनि सकिन्छ । इलामको स्थानीय पर्यटनको विकासका लागि पनि सरकारी विद्यालय, निजी र क्याम्पसले स्थानीय क्षेत्रको धार्मिक, सांस्कृतिक, शैक्षिक भ्रमण गराई ती ठाउँको ऐतिहासिक, सामाजिक, सांस्कृतिक महत्वबारे जान्न बुझन् बुझाउन समय-समयमा आन्तरिक भ्रमण गराउन पनि अति आवश्यक छ । यी भ्रमणलाई धार्मिक, प्राकृतिक दृश्यावलोकन, अवलोकन (कृषि, पशु, वन) वनभोज र अन्य उद्देश्यको साथ भ्रमण गराउँन सकिन्छ ।

इलामको आन्तरिक पर्यटन प्रर्वद्नन गर्न गराउन विषेश गरी सरकारी विद्यालय, निजि विद्यालयहरुले विद्यालयका नानीहरुलाई यी स्थलहरुको बारेमा विस्तृत रुपमा जानकारी दिलाउन यी ठाउँहरुको अध्ययन अवलोकन गराउदै इलाम चिया बगानको ऐतिहासिक महत्व, धार्मिक स्थलहरुको भ्रमण गराउन अति आवश्यक छ । जसले विद्यार्थीको ज्ञानको दायरा वृद्धि गर्न र इलामको आन्तरिक पर्यटन प्रवर्द्धन मा पनि सकारात्मक टेवा पुग्नेछ । (स्रोत : इलाम एक सम्भावना अनेक पुस्तक)

**सुर्योदय पर्यटन**

**श्रीअन्तु**

इलाम जिल्लाको सुदुर पुर्वमा पर्ने श्रीअन्तु विषेश गरी सुर्योदय पर्यटनको लागि धेरै नै चर्चित ठाउँ हो । इलामको पुर्वमा मेची नदी र सिद्धिखोलाबाट करीब १८०० मि उचाई रहेको सुन्दर थुम्कोको नाम अन्तु हो । लाप्चा भाषाको आत्तु (अग्लो डाँडा) बाटव्युत्पति भई अन्तु भएको

हो । यो समाल्बुङ्ग गा.वि.स.मा पर्दछ । यो ठाउँ प्रवेश गर्ने मार्ग इलामको फिक्कल छिपिटार, सिद्धिखोला हुदै पुग्न सकिन्छ । इलामको श्रीअन्तु, सन्दकपुर, सिद्धिथुम्का लगायत अन्य स्थानबाटसुर्योदय हेर्नुको मज्जा नै बेग्लै छ । इलामको विभिन्न स्थानबाटमनमोहक सुर्योदयको दृश्य हेर्न निक्कै नै रुचीकरण रहेको छ । इलामको धेरै जसो डाँडाकाडाबाट राम्रोसँग सुर्योदयको दृश्य अवलोकन गर्न सकिन्छ । यस किसिमको दृश्यावलोकन गर्न स्थानीय मानिसको मात्र उत्सुकता नभएर नेपालको सबै क्षेत्रबाट आउने क्रम बढेर गएको पाइन्छ । यी स्थानबाट सुर्योदय अवलोकन गर्न उपयुक्त मौसम भनेको कार्तिक र मंसिर महिना हो । साथै फागुन, चैत्र र वैशाख महिना पनि यो ठाउँको भ्रमण को लागि उपयुक्त मौसम हो । यी स्थानबाटसुर्योदय अवलोकन गर्न हाल आन्तरिक तथा बाह्य पर्यटकहरुको चहलपहल बढ्दै गएको पाइन्छ । (स्रोत : इलाम एक सम्भावना अनेक पुस्तक)

**सिद्धिथुम्का**

इलामको सिद्धिथुम्का बाट पनि कन्चनजंघा हिमश्रृङखलाको साथमा पुर्वाञ्चलको विभिन्न क्षेत्रको मनमोहक दृश्य देख्न सकिन्छ । यो स्थान पनि १८०० मिटर उचाईमा रहेको छ । जहाँ पुग्न इलामको भञ्ज्याङ्गबाट ट्याक्सीमा २ घण्टाको यात्रामा पुग्न सकिन्छ । साथै इलाम बजारबाट साङरुम्बा, जीतपुर हुदै पनि पुग्न सकिन्छ । सुर्योदय दृश्यको साथमा जातीय संग्रालय मौरी पालन, बाख्रापालन लगायत कृषि प्रणालीको लागि अध्ययन अनुसन्धानको लागि पनि उत्कृष्ट गन्तव्य रहेको पाइन्छ । सिद्धिथुम्काको चुलीमा रहेको सिद्धदेवीको मन्दिरमा वैशाख पुर्णिमा र मंसिर पुर्णिमामा पुजा हुन्छ ।

यस स्थानमा वि.सं. २०६५ सालदेखि महोत्सवको आयोजना गरि यस ठाउँको पर्यटकीय विकासको लागि स्थानीय मानिसहरु जुरमुराएको पाइन्छ । यस स्थानमा सुर्योदयको अवलोकनसँगै सिंहदेवीको मन्दिर,  खान्द्रुङ सुरुङ्ग (रत्न गुफा), अजम्बरे डाँडा, पंखेलुङ झरनाको अवलोकन गर्न सकिन्छ । त्यस स्थानमा शहरी जीवनको लागि आवश्यक भएको चाउचाउ, कुरकुरे, लेज, फास्टफुड, ड्राइफुडको बदलामा स्थानीय कोदोको रोटी, फिलुङगेको अचार, वाचिपा, किनेमा, आलम, गुन्द्रुकको अचार, साथै महको स्वाद लिन सकिन्छ । (स्रोत : इलाम एक सम्भावना अनेक पुस्तक)

इलाम सदरमुकामको पुर्वीतर क्षेत्रमा रहेको माइमझुवा गाविस इलामको सबै भन्दा अग्लो डाँडा सन्दकपुरको रुपमा रहेको छ । समुद्र सतहदेखि ३६३६ मिटरको उचाइमा अवस्थित सन्दकपुर नेपाल भारत सीमानामा पर्ने महत्वपुर्ण पर्यटकीय स्थल हो । सुर्योदय र पहाडका हिमश्रृखला तथा तराईका अति मनोरम दृश्यावलोकन गर्न पाइने भएकाले यो ठाउँको विशेष महत्व रहेको छ । यस ठाउँबाट सगरमाथा, मकालु, कुम्भकर्ण र कञ्चनजंघा हिमालको मनमोहक दृश्य देख्नुका साथै भुटानका हिमालहरु पनि देख्न सकिन्छ । इलामको माइखोलाको उदग्म स्थल भएको कारणले पनि यस ठाउँको धार्मिक महत्व रहेको छ । यस ठाउँबाट अन्य टोड्के झरना, शिवालय, सामेलक्मा ढुङगाको दर्शन गर्न सकिन्छ ।

**होमस्टे**

पर्यटकलाई आफुले खाने भान्छामै स्थानीय उपजहरुको प्रयोग गरी स्थानीय स्वाद अनुसारको खानपिन गराएर आफ्नै घरमा सुताउनु हो । होमस्टेमा सस्तोमा खान बस्न पाइन्छ । परिवारकै सदस्य भएर बसेको जस्तो आत्मियता पाइन्छ । होमस्टेमा न्यानो सत्कार पाइन्छ । नेपालमा होमस्टे सिरुबारीबाट शुरु भएको पाइन्छ । इलाममा पनि होमस्टेको सुरुवात धेरै अगाडी भइसकेको छ तर यसको अध्ययन पर्याप्त रुपमा गर्न सकिएको छैन् । इलामको दिगो पर्यटन विकासका लागि स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गरी स्थानीय संस्कृति र स्थानीय पर्यावरणको संरक्षण गदै विभिन्न समुदायको आर्थिक स्तर वृद्धि गर्न अग्रसरता देखाउँदै इलामको आर्थिक विकासका आधार पर्यटन क्षेत्रको विकासमा यिनै सम्भावना बोकेको आकर्षक गन्तव्य स्थलहरुको विकासमा सबै क्षेत्रले आफना क्षेत्रबाट सक्रिय रुपमा अगाडी बढेर कार्य गर्न अति जरुरी छ ।

## २.१.१ इलामको विकासमा पर्यटनको भुमिका

इलाम जिल्ला नेपालको एउटा चर्चित पर्यटकीय स्थल हो । इलाम आफैमा एउटा मौलिक आकर्षणका कारण देशमा मात्र नभएर विश्कै एउटा महत्वपुर्ण पर्यटकीय गन्तव्य स्थल पनि हो । जुन पोखरा र चितवन पछि धेरैको रुचीमा पर्ने ठाउँ पनि हो । यहाँ को सुन्दर प्राकृतिक दृश्यहरु, भौगोलिक विविधता, जैविक विविधता, धार्मिक स्थलहरु, सांस्कृतिक विविधतापुर्ण जीवन र यहाँका पश्चिमी किसानहरुले गरेको कृषि क्षेत्रको उन्नतिले नेपालमा छरिएर रहेको धेरैलाई आकर्षित र आनन्दित बनाउछ । यो वर्ष पनि निक्कै नै ठुलो जमातले इलाम भ्रमण गरेको पाइन्छ । विशेषत यो अवसरमा इलामको प्राकृतिक, भौगोलिक संरचनाको संरक्षण, सामाजिक सांस्कृतिक संरक्षणको अध्ययन अवलोकन गर्न व्याक्तिगत र समुहगत रुपमा धेरै मानिसहरुले इलामको भ्रमण गरेको

पाइन्छ । इलाम आफैमा सुन्दर ठाउँ हो यति हुँदा हुदै पनि यहाँ भ्रमण गर्न आउने पर्यटकको बसाइ अवधी केवल एक दिनको मात्र रहेको पाइन्छ । यो बसाइ अवधी लम्बयाउनको लागि इलामले नयाँ क्षेत्र वा ठाउँलाई पर्यटकीय स्थलको रुपमा विकास गर्नुपर्ने अनिवार्य देखिएको छ । यसको लागि इलाम नगरपालिका, होटल एशोसिएसन, व्यावसायी, यातायात व्यावसायी लगायत सम्बन्धित निकायले सक्रिय रुपमा अगाडी बढ्नुपर्ने देखिन्छ । आपसी सहयोग समन्वय गरेर अगाडी बढ्नुपर्ने देखिन्छ । सर्वप्रथम इलाम भ्रमण आउनेहरुको यकिन तथ्याङ्क कुन उद्वेश्यले भ्रमण गर्न आएको, कुन कुन ठाउँको भ्रमण गर्ने यी यावत विषयमा जानकारी लिई उनीहरुलाई इलामको संक्षिप्त जानकारी, उनीहरुको साथमा टुर गाइडको व्यावस्था गरिदिने त्यस वापत केही शुल्क गाइडलाई दिने व्यावस्था गर्नुपर्छ यसको लागि होटल व्यावसायी, नगरपालिका लगायतको अन्तर सम्बन्ध मजबुद हुनुपर्ने देदिन्छ । पर्यटन व्यावसाय सञ्चालन गर्न इलाम जिल्लामा रहेको स्रोत सम्पदालाई राम्ररी लेखाजोखा गर्नुको साथै नयाँ गन्तव्यको पनि प्रवर्द्धन गर्नु अति जरुरी छ । पर्यटनमा वास्तविकता चाहिन्छ, समर्पण चाहिन्छ र निरुन्तरता चाहिन्छ । यसलाई सबै क्षेत्रले उत्तिकै रुपमा अगाडी बढाउनु पर्ने जरुरी देखिन्छ । निजी, सरकारी र स्थानीय निकायको भुमिका बढाउनुपर्ने देखिन्छ । पर्यटन उद्योग एउटा यस्तो क्षेत्र हो जसको विकासले व्यापारी देखि किसान सबैलाई फाइदा पुग्दछ । इलामले ग्रामिण पर्यटन प्रवर्द्धनमा जोड दिँदा यसबाट धेरै क्षेत्रले सकारात्मक उपलब्धी हासिल गर्न सक्दछ ।

इलाम जिल्ला भित्र रहेका ऐतिहासिक, सांस्कृतिक, सामाजिक र प्राकृतिक सम्पदाका आधारमा रहेर विभिन्न किसिमका पर्यटन व्यावसाय सञ्चालन गर्न सकिन्छ । जस अन्तर्गत धार्मिक, सांस्कृतिक, जनजाती, पर्यावरणीय, कृषि, शैक्षिक, अनुसन्धान, विकास, सेमिनार, गोष्ठी र खेलकुदसँग सम्बन्धित विषयमा पर्यटन प्रवर्द्धन गर्न सकिन्छ । यस किसिमको पर्यटन व्यावसायले इलामको थुप्रै क्षेत्रको विकास प्रवर्द्धन र संरक्षणमा सहयोग पुग्नेछ । जसबाट आय आर्जन र जीवनस्तर उकास्नमा पुर्ण रुपमा मद्दत मिल्नेछ । इलामले आफनो संस्कृति यहाँको विहानीको झुल्के घाम, चियावारी, ताल तलैया, पोखरी यहाँका घना वनजंगल, जीवजन्तु, देखाएर इलामको एकमात्र पुरानो चिया कारखाना देखाएर पर्यटकलाई आकर्षित र आनन्द दिन सकिन्छ । पर्यटनसँग सम्बद्ध संघ संस्था, जिम्मेवार व्यात्तित्वले पर्यटन आगमनबाट कसरी स्थानीय समुदाय, गाउँ, नगरपालिका, र समग्र रुपमा इलाम जिल्लाले फाइदा लिन सक्छ भनेर ध्यान पुचाउन सकिरहेको छैन् । पर्यटन व्यावसायीले स्थानीय बासिन्दाको व्यावसायमा सहयोग र सकारात्मक भुमिका निभाउनुको साथै उनीहरुलाई पर्यटन प्रवर्द्धनमा अनि लाभ प्राप्तिमा सहभागी गराउन समन्वयात्मक भुमिका निभाउन गहन रुपमा सोच्नुपर्ने बेला भइसकेको छ । सफा र सुपाच्य इलामेली परिकारहरु खान दिने र धान नाच, मारुनी नाच, वालन नाच, लाखे नाच, च्याब्रुङ नाच

देखाएर पनि पर्यटकलाई आकर्षित गर्न सकिन्छ । विगतमा विना शुल्क निर्धक्क घुम्न पाउने इलामको चियावारी, माइस्थान, सिंहवाहिनी, नारायणस्थान, माइपोखरी, सेतीदेवी लगायत अन्य स्थानमा सशुल्क लिइ प्रवेश गर्न दिनुपर्छ । यसले सम्बद्व क्षेत्रको सरसफाई जीर्णोदार र रेखदेखमा सहयोग पुग्नेछ । यसमा अझै सुविधा थपेर इलामेली उत्पादन संस्कृति स्थानीय रहनसहन बारेमा उनीहरुलाई जानकारी दिने चाहना अनुरुपमा अन्य सेवा दिने गरिएमा आकर्षण थप्न सकिन्छ । स्थानीय बासिन्दा, संस्कृति र उत्पादन पर्यटनमा समेटद् त्यसले ठुलो क्षेत्रमा सकारात्मक प्रभाव पार्छ । इलाममा धेरै खर्च गर्न खोज्दा खोज्दै पनि खर्च गर्ने ठाउँ वा सेवा नभएर पर्यटकहरु पर्यटन खर्च बोकेरै फकिन्छन् । यो इलामको लागि विडम्बना हो । यसमा चितव, सौराहा, पोखरा ( घान्द्रुक) क्षेत्रका विभिन्न समुहबाट इलामले पाठ सिक्नु पर्दछ र पर्यटकहरुलाई इलाममा लामो समयसम्म राख्न सक्ने सेवा सुविधाहरु थप गदै लाने वातावरण सृजना गर्न अति आवश्यक छ । इलाम आउने पर्यटकको संख्यामा वृद्वि गर्न, पर्यटकको रुची, नयाँ-नयाँ कार्यक्रमहरुको सञ्चालन गरी उनीहरुको इलाम बसाई लम्बयाउने तथा उनीहरुको खर्चको बढी भन्दा बढी अंश इलाममै राख्ने लक्ष्य अघि सारिनु पर्छ । जसको लागि पर्या पर्यटन, कृषि, धार्मिक, जनजातिय, खेलकुद, शिक्षा, सेमिनार, स्वास्थ्य, पदयात्रा र जंगल सफारी, सुर्योदय, चिया पर्यटनको विकास गर्न अति जरुरी रहेको छ । इलामलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न यी कुराहरुलाई आधार मानेर अगाडी बढाइनु पर्दछ ।

## २.१.२ नेपालको परिप्रेक्ष्यमा होमस्टे

व्यक्तिको निजी वा सामुदायिक आवाशगृह वा घरमा बास बस्नु, अथवा आफनो गाउँ समुदायमा घुम्न आउने स्वदेशी वा विदेशी पर्यटकहरुलाई सःशुल्क खाना,आवाश एवं सेवा सुविधा उपलब्ध गराउन निजी वा सामुदायिक रुपमा सञ्चालन गरिएको सेवा, पर्यटकहरुलाई आवास, खाना र अन्य पर्यटकीय सेवा प्रदान गर्ने उद्वेश्यले आफनै घर समुदायमा निजी वा सामुहिक रुपमा सञ्चालन गरिएको सेवालाई होमस्टे भनिन्छ । ग्रामीण क्षेत्रमा भ्रमण गर्न आउने स्वदेशी तथा विदेशी पाहुनाहरुलाई पारिवारिक वातावरणमा खाना तथा आवासको व्यवस्था प्राकृतिक ऐतिहासिक सामाजिक सांस्कृतिक महत्वका स्थल एवंम् वस्तुहरुको दृश्यावलोकन, सामाजिक साँस्कृतिक गतिविधि, परम्परागत रितिरिवाज, कला कौशल, खेलकुद लगायतका क्रियाकलापहरुको माध्यमबाट पर्यटकहरुलाई मनोरञ्जन गराई आवश्यक सेवा सुविधा सहित आत्मियता पुर्वक आतिथ्यता प्रदान गर्ने कार्यलाई होमस्टे भनिन्छ । (होमस्टे सञ्चालन कार्यविधि, २०६७)

**होमस्टेको वर्गीकरण**

**निजी होमस्टे**

ग्रामीण तथा शहरी क्षेत्रमा निजीस्तरमा संचालित होमस्टेलाई निजी होमस्टे भनिन्छ ।

**सामुदायिक होमस्टे**

अलग अलग स्वामित्वमा रहेका कम्तिमा पाँच वटा घर धनीले सामुहिक व्यावस्थापन गरी सञ्चालन गरिएको होमस्टे लाई सामुदायिक होमस्टे भनिन्छ ।

नेपालको सन्दर्भमा होमस्टे अतिथि सत्कार गर्ने पुरानो परम्परा हो, गाउँमा स शुल्क पर्यटकीय सेवा सुविधा दिन नयाँ र नौलो प्रयोग को रुपमा होमस्टे पर्यटनको विकास भएको पाइन्छ । शहरमा उपलब्ध हुने होटल लज अतिथिगृह रेष्टुरेण्टको सट्टामा गाउँघरमा नै सेवा सुविधाहरु उपलब्ध गराउने क्रममा नेपालमा पनि होमस्टे पर्यटन कार्यक्रमको सुरुवात भएको हो ।

नेपाली माझ घरबासको अवधारणा प्राचीन कालदेखी चल्दै आएको परम्परा हो । हामी सधै "अतिथी देवो भव" अर्थात पाहुना देवता सरह हुन् भन्ने गर्दछौ र आज विश्व सामु परिचित छौ । यात्रा गर्ने क्रममा बाटोमा गाउँ बस्तीमा भेटिए गाउँबस्तीमा बास मागेर बस्ने चलन नेपाली माझ पुरानो हो यद्यपि दुर्गम गाउँहरुमा यो चलन छदैछ । गाउँबस्तीमा बास बस्दा गाउलेहरुले आ - आफनो क्षमता अनुसार पाहुनाको सत्कार गर्ने चलन थियो । यसमा कुनै निहित स्वार्थ थिएन । टाढा-टाढा बाटथाकेर आएको पाहुनालाई बास दिँदा धर्म हुन्छ भन्ने मान्यता रहेको थियो । बास बसे बापत पाहुनाले कुनै शुल्क नदिए पनि आफुले बास बसेको घरको अवस्था र उनीहरुको स्वागत सत्कार सम्झी आफुसँग भएको वस्तुहरु स्वेच्छाले दिएर जाने परम्परा थियो ।

नेपालमा १९६० को दशक बाटसगरमाथाको आरोहण प्रयास सुरु भए देखि अन्तराष्ट्रिय पर्यटनको आरम्भ भएको देखिन्छ । त्यस समयमा प्रायः जसो पर्यटकहरु टेण्ट खडा गरेर बस्दथे । विस्तारै विस्तारै ती क्षेत्रका नेपालीहरुको न्यानो आतिथ्य र साँस्कृतिक विशिष्टताले गर्दा ग्रामीण क्षेत्रमा जाने पर्यटकहरु बाटोमा पर्ने गाउँ घरमा बस्न थालेका हुन् । नेपालमा प्राकृतिक मनोरम स्थलहरु पर्याप्त भएतापनि पर्यटकहरुलाई अत्यावश्यक सेवा उपलब्ध गराउने होटलहरु केही पर्यटकीय स्थल शहर र जिल्ला सदरमुकाममा मात्र सिमित रहेका छन् । नेपालको ग्रामीण क्षेत्रमा गाउँमा पर्यटकहरुका लागि पर्यटकीय उपजहरु प्रशस्त रहेका छन् । तापनि गाउँ तर्फ जाने पर्यटकहरुका लागि खाने बस्ने घुमाउने सुविधा पर्याप्त छैनन् । बढ्दो रुपमा आएको पर्यटकहरुको आगमन सँगै पर्यटकहरुको आवास सुविधा लाई ध्यानमा राखी कम लगानीमा सेवा प्रदान गर्न यस अवधारणा लाई अगाडी ल्याईएको हो । यसबाट पर्यटनबाट हुने आम्दानीलाई समानुपातिक रुपले वितरण गर्न गाउँ तर्फ जाने पर्यटकहरुका लागि खाने बस्ने घुमाउने सुविधा थोरै लगानीमा

गाउलेहरु कै सकियतामा उपलब्ध गराउनका लागि होमस्टे पर्यटन को अवधारणा सहयोग सिद्व भएको छ । केही वर्ष यता देशका धैरै गाउँहरु होमस्टे पर्यटनको माध्यमबाट अगाडी आइसकेका छन् । (होमस्टे बुलेटिन, २०७४)

## २.१.३ होमस्टे सम्बन्धि विद्यमान ऐन तथा निती नियम

ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्विको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रमीण पर्यटनको माध्यमबाट विपन्न महिला, मधेशी, आदीवासी जनजाती र हाल सम्म समेट्न नसकिएका समुहको समेत संलग्नता रहने गरी पर्यटन व्यावसाय बाटप्राप्त हुने लाभलाई समुदायको पहुँच भित्र ल्याउने संरचनाको निर्माण र विकास गर्ने पर्यटन नीती २०६५ अनुसार नेपालका ग्रामीण तथा शहरी भेगमा समेत होमस्टेको माध्यमबाट पर्यटनको विकास, प्रवर्द्धन, व्यावस्थापन र नियमन गर्न होमस्टेको कार्यविधि जारी गर्न आवश्यक भएकोले नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले देहाय बमोजिमको होमस्टे संचालन कार्य विधि, २०६७ बनाई जारी गरेको छ । (होमस्टे संचालन कार्य विधि, २०६७)

- "होमस्टे" भन्नाले पर्यटकहरुलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्वेश्यले आफनै घर समुदायमा निजी वा सामुदायिक रुपमा सञ्चालन गरिएको सेवा सम्भनु पर्छ ।
- "महाशाखा" भन्नाले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन उद्योग महाशाखा सम्भनु पर्छ ।
- "कार्यालय" भन्नाले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत स्थापना भएका पर्यटन कार्यालयहरु सम्भनु पर्छ
- "स्थानीय निकाय" भन्नाले होमस्टे संचालन हुने स्थानको जिल्ला विकास समिती ,नगरपालिका वा गाउँ विकास समिती सम्भनु पर्छ ।
- "होमस्टे व्यावस्थापन समिती" भन्नाले दफा ७ को उपदफा (१) बमोजिम गठन भएको समिती सम्भनु पर्छ ।
- "होमस्टे एकाई" भन्नाले होमस्टे संचालन गर्न व्यावस्थापन समिती अन्तर्गत रहेका प्रत्येक घर सम्भनु पर्छ । (होमस्टे संचालन कार्यविधि २०६७)

## २.२ सैद्वान्तिक समिक्षा

### २.२.१ विश्व व्यावस्थात्मक सिद्वान्त

विश्वव्यापी अन्तरदेशीय आर्थिक सम्बन्धलाई व्याख्या गर्ने नवीन उपागम विश्व व्यावस्थात्मक उपागम हो । विश्व व्यावस्थामा रहेका सामाजिक, आर्थिक, राजनैतिक, प्रक्रिया र प्रणालीहरुलाई विभिन्न देशको परिस्थितिजन्य प्रक्रियाका बारेमा सम्बन्धित गराएर यस नमुनामा विश्लेषण गरिएको छ । यसैका आधारमा विश्व व्यावस्था मा संलग्न देशहरु बीचको सम्बन्ध Economice Relationship लाई अरु बढी जोड दिइएको छ । विभिन्न देशहरुको आर्थिक सम्बन्धको धरातल खोज्ने सम्बन्धको प्रक्रियाको विश्लेषण गर्ने र यस प्रकारको खोज र विश्लेषण पूँजीवादी अर्थव्यवस्थालाई आधारित गरेर गरिएको छ । पूँजीवादी प्रभाव र अन्तरदेशीय सम्बन्धलाई मार्क्सवादी (Marxism) दृष्टिकोणबाट अवलम्बन गरिएकाले यस विश्लेषण लाई नव मार्क्सवादी (Neo Marxism) विश्लेषण पनि भनिन्छ । यस विश्लेषणमा अन्तरदेशीय परनिर्भरता (Inter State Dependency) के कसरी सिर्जना भएको छ ? पूँजीवादी विस्तार कसरी भएको छ ? विश्वव्यापी श्रम विभाजनको विकास कसरी भएको छ ? भन्ने प्रश्नहरुको उत्तर खोज्दै पूँजीवादी आर्थिक प्रणाली अन्तर्गतको अन्तरदेशीय आर्थिक सम्बन्धलाई विश्लेषण गरिएको छ । विश्व संरचनालाई एउटा व्यावस्था मानेर त्यसमा रहेका सम्बन्धको व्याख्या र विश्लेषण गर्दछ । व्यापार र विनिमयलाई केन्द्रमा राखेर प्रत्येक देशहरुबीच रहेको उत्पादन प्रणाली विनिमय आयात निर्यातका वस्तु र शोधन्तार स्थिती, सांस्कृतिक आदान प्रदान आदिका बारेमा विश्लेषण गर्दछ । धनी देशहरु र गरीब देशहरुबीचको आर्थिक सम्बन्धको विश्लेषण गरी त्यसका त्यसका कारक तत्वहरुको विश्लेषण गर्न बृहत तहको सैद्धान्तिक ढाँचालाई अवलम्बन गरी निष्कर्षलाई सामान्यीकरण गर्न प्रयत्न गरीन्छ ।

वर्तमान समय एकल विश्व अर्थतन्त्र Single World Economic आधारित छ । जुन पूजीवादी अर्थव्यवस्था हो । यही मुल व्यवस्थामा केन्द्रित रहेर विश्वव्यापी आर्थिक सम्बन्धको एक बृहत विश्लेषण नै विश्वव्यावस्थात्मक सिद्धान्त हो । यस सिद्धान्त अनुसार विश्वका हरेक राष्ट्रहरु कुनै न कुनै रुपमा आर्थिक सम्बन्ध Economic Relationship द्वारा गाँसिएको संगठित भएको हुन्छ । यस सिद्धान्तले विश्वका विभिन्न देशहरुबीच सामान्यतया सामाजिक, राजनैतिक, प्राविधिक, आर्थिक तथा वाणिज्य सम्बन्धको आधार मा तयार हुने संरचनात्मक व्यावस्थाको सैद्धान्तिक विश्लेषणमा आधारित विश्वव्यापी पूँजीवादी आर्थिक एवम् राजनैतिक वयवस्था हो । समाजशास्त्रको क्षेत्रमा सन् १९७० को दशकको सुरुतिर यो सिद्धान्त देखा परेको हो । यस सिद्धान्तका व्याख्याकार इमानुयल वालेस्ट्राइन Immanuel Wallerstein लाई मानिन्छ A.g frank/ amir samin लाई यस सिद्धान्तका विश्लेषक मानिन्छ । यी विद्वानहरुका अनुसार खासगरी विश्व पूजीवादी उत्पादन प्रणाली, त्यसको विकासक्रम प्रभाव नै यस सिद्धान्तको मुख्य

विषयवस्तु हो । मुख्यगरी पूँजीवादी अर्थतन्त्रले विकासोन्मुख देशहरुमा पारेका नकारात्मक प्रभाव र परनिर्भरताको स्थितिलाई बढी जोड दिएका छन् । यो सिद्वान्तलाई नव मार्क्सवादी तथा मार्क्सवादकै विस्तारित सिद्वान्त Expansion of Marxism का रुपमा लिइन्छ । यस सिद्वान्तले मार्क्सवादी सिद्वान्तले व्याख्या गरे भ्कै वर्गीय शोषणका कारण अविकास हुने नभई धनी देशहरु ले गरेको शोषणका कारण अविकास भएको मान्यता राख्दछ ।

इमानुयल वालेस्ट्राइनले विकास आर्थिक क्रियाकलाप तथा सामर्थयका आधारमा संसारका देशहरुलाई Core Semi-pheri Periphery गरी तीन भागमा बाँडेका छन् उनका अनुसार Core राष्ट्रहरु आर्थिक दृष्टिकोणले सक्षम हुन्छन् । उनीहरु तयारी वस्तुहरु तथा विलासिताका वस्तुहरु Periphery का देशहरुमा महगो मुल्यमा निर्यात गर्दछन् Peripheri का राष्ट्रहरुले कच्चा पदार्थ तथा श्रमिकहरु Core Semi Peripheri बाट सस्तो मुल्यमा कच्चा पदार्थ र श्रमिकहरु आयात गर्दछन् । यसो हुँदा Periphery का राष्ट्रको व्यापार घाटामा बढेर आर्थिक स्थिति कमजोर बन्दछ । त्यस्ता देशहरु विकासको खुटकिलो चढ्न सक्दैनन् । Core /Semipheri का राष्ट्रहरुले Periphery का राष्ट्रहरुलाई शोषण गरी अगाडी बढ्न दिदैनन् । Semipheri का राष्ट्रहरु आर्थिक सक्रियता देखाई अयचभ मा पुग्ने प्रयास गरी रहेका हुन्छन् तर Periphery राष्ट्रहरु कहिले पनि Core मा पुग्न सकेका हुदैनन् ।

वालेस्ट्राइनको अवधारणा अनुसार विश्लेषण गर्दा नेपाल Periphery क्षेत्रमा पर्दछ । हाम्रो देशले सस्तो मुल्य मा कच्चा पदार्थ तथा श्रमिकहरु निर्यात गरी रहेको छ भने महङगो मुल्यमा तयारी तथा विलासिताका वस्तुहरु Core तथा Semipheri राष्ट्रहरुबाट आयात गरी रहेको छ । नेपालको व्यापार घाटा धेरै छ र यस कारण देशको अर्थ व्यावस्था कमजोर छ । देश गरीब राष्ट्रको सूचीमा परी रहेको छ । यस्तै A.G frank ले विश्व व्यावस्था सिद्वान्त को व्याख्या गर्न Metropolis र Satellite शब्दको प्रयोग गरेका छन् । उनले संसारका राष्ट्रहरुलाई आर्थिक सम्पन्नता का आधारमा Metropolis Satellite गरी दुई भागमा बाँडेका छन् । सम्पन्न राष्ट्रहरुलाई Metropolis गरीब राष्ट्रहरुलाई Satellite, Satellite राष्ट्रहरुबाट कच्चा पदार्थ तथा श्रमिकहरु सस्तो मुल्यमा खरिद गरी तयारी तथा विलासिताका वस्तुहरु महङगो मुल्यमा Satellite राष्ट्रहरुलाई निर्यात गर्दछन् । यस्तै Satellite राष्ट्रहरुले सस्तो मुल्यमा कच्चा पदार्थ तथा श्रमिकहरु Metropolis राष्ट्रहरुलाई निर्यात गरी महङगो मुल्यमा तयारी तथा विलासिताका वस्तुहरु Metropolis राष्ट्रहरु बाटआयात गर्दछन् । यसरी

Metropolis राष्ट्रले Satellite राष्ट्रलाई आर्थिक शोषण गरी आफु झन-झन गरीब हुदै जान्छन् ।

वास्तवमा A.G frank को यो सिद्वान्तको अवधारणा अनुसार यो अवस्था अन्तराष्ट्रिय क्षेत्रमा मात्र नभई एउटा देश भित्र पनि ठुला शहरहरु र गाउँ बीचको आर्थिक कारोबारमा पनि झल्कन्छ । शहरहरुका मानिसहरुले गाउँ बस्तीका मानिसहरुलाई Metropolis ले Satellite लाई गर्ने आर्थिक शोषण गरे जस्तै आर्थिक शोषण गरी शहरिया मानिसहरु धनी बनी रहेका छन् । भने गाउँका मानिसहरु झन-झन गरीब बनिरहेको अवस्था नेपालमा पनि छ । इलाम जिल्लामा पनि विश्व व्यावस्थाको प्रभाव परी यहाँको पर्यटन व्यावसायमा पनि प्रभाव परेको छ । त्यस्तै समाजमा सामाजिक र आर्थिक परिवर्तनहरु देखा परेको छ । समाज विकासक्रममा समाजको विकास कसरी गर्न सकिन्छ भन्ने खोज हुन् थालेको छ यस जिल्लामा पनि व्यापार, व्यावसायमा परिवर्तन देखिएको छ समाज सञ्चालनको प्रमुख आधार नै अर्थ हो भन्ने कुरालाई मध्यनजर गदै ग्रामिण पर्यटनको विकास भएको छ । यसबाट वर्तमान समयमा शहर केन्द्रित पर्यटन व्यावसायलाई ग्रामीण क्षेत्रमा विस्तार गरी आर्थिक शोषणमा परेका ग्रामीण जनताको आर्थिक हैसियत असमान रुपमा रहेकाले उक्त समस्यालाई विश्व व्यवस्थापनको दृष्टिले हेरि व्याख्या विश्लेषण गर्न सकिन्छ ।

## २.२.२ आधुनिकीकरण सिद्वान्त

आधुनिकीकरण सिद्वान्त सन् १९५० मा उत्पत्ति भएर सन् १९६० मा विभिन्न मुलुकहरुको समाजमा लागु भएको पाइन्छ । विशेष गरी द्वितीय विश्वयुद्वमा तहसनहस भएको विश्को आर्थिक अवस्था सुधार गर्न आर्थिक विकासको सिद्वान्तलाई जोड दिइयो । आधुनिकीकरण सिद्वान्तले पनि आर्थिक विकासको अवधारणालाइ जोड दिन्छ । आधुनिकीकरण सामाजिक सांस्कृतिक तथा आर्थिक परिवर्तनको एक प्रक्रिया हो । समाज विकासको एक प्रक्रिया हो । यसले समाजलाई एक स्वरुप, संरचना र सम्बन्धबाट अर्को स्वरुप संरचना सम्बन्धमा परिवर्तन गर्न महत्वपुर्ण भुमिका खेल्दछ । आधुनिकीकरण सिद्वान्तले परम्परागत संक्रमणकालीन र आधुनिक समाजलाई स्पष्ट पार्दछ । यसले विभिन्न क्रियाकलापहरु संचालन गर्न एजेण्डा एंव मुद्वाहरु उपलब्ध गराउँछ । आधुनिकीकरण भनेको परम्पराबाट आधुनिकता तर्फ वा अल्पविकसितबाट विकसित स्वरुप संरचना, प्रक्रिया समाज वा राष्ट्रतर्फ परिवर्तन हुने प्रक्रिया नै आधुनिकीकरण हो ।

यो सिद्वान्त समाजशास्त्रमा सन् १९६० को दशकमा लागु भएको पाइन्छ । आर्दशको प्रक्रियाद्वारा आधुनिकीकरण हुन्छ । यसको आधार द्वैधवादी ढाँचा अनुसार सबै परम्परागत

समाजहरु आधुनिक समाजहरुमा परिवर्तन हुने पाइन्छ । जसबाट गाउँको समाज शहरतिर परम्परागत समाज आधुनिक समाजतिर परिवर्तन हुदै जान्छ । यस सिद्धान्तले मौलिक संस्कार, संस्कृतिमा नयाँपनले प्रभाव जमाउछ र परम्परागत मुल्यमानतामा ह्रास आउने गर्दछ र समाजमा परिवर्तन ल्याउने गर्दछ । त्यसकारण मौलिकता र परम्परालाई जोगाउन पनि ग्रामीण पर्यटन व्यावसाय मार्फत यो कार्य संभव हुने देखिन्छ । शहर केद्रित विकासले गाउमा भएका धेरै जनसंख्या शहरतर्फ बसाँइसरी जान प्रोत्साहन गर्दछ  र शहर जहिल्यै विकसित अवस्थाबाट विकसित हुदै जान्छ तर गाउँ सधै अल्पविकसितमै रहन्छ । आधुनिकीकरणलाई सामाजिक, सांस्कृतिक मुल्यमान्यता सीपको पुनः निर्माण नविकरण र रुपान्तरित दृष्टिका रुपमा लिन सकिन्छ । आधुनिकीकरण सामाजिक संरचनात्मक परिवर्तनको प्रक्रिया हो । यसले केवल आर्थिक पक्षलाई मात्र जोड नदिएर समाजका हरेक संरचना को परिवर्तन र विकासलाई जोड दिन्छ ।

# अध्याय तीन

## अनुसन्धान ढाँचा

### ३.१ अध्ययन क्षेत्रको छनौट

अध्ययनका लागि इलाम जिल्ला इलाम नगरपालिकाको वडा नं. ६ लाई छनौट गरिएको छ । वडा नं. ६ को बालनगाँउमा मुख्य २ जाति नेवार र लिम्बुको बसोबास भएको र सदरमुकामबाट नजिकै पर्ने भएकोले त्यहाँका घरबास सम्बन्धी हरेक कृयाकलापलाई नजिकबाट नियाल्न सजिलो हुने भएकाले उक्त क्षेत्रलाई छनौट गरिएको हो । यस स्थानलाई नै अध्ययन क्षेत्र छनौट गर्नुका कारणहरु निम्न छन:

- दुइ जातिको मात्र बसोबास भएको विशेष गरी लिम्बु र नेवार जातिको मात्र संस्कृतिमा रम्न सकिने भएकोले ।
- सदरमुकामबाट नजिकै पर्ने घरबास भएकोले ।
- सामुदायिक घरबास भएकोले गर्दा ।

### ३.२ अनुसन्धान विधि

अनुसन्धान एउटा व्यावस्थित कार्ययोजना हो, जसमा निश्चित उद्वेश्य परिपुर्तिका लागि अनुसन्धानको विषयमा केन्द्रित भई उपयुक्त विधिको माध्यमबाट अनुसन्धान कार्य अगाडी बढाइएको हुन्छ । कुनै पनि अध्ययन अनुसन्धान कार्य गर्नु पर्दा के कस्ता विधिबाट सम्पन्न गर्ने भन्ने विषयमा विविध प्रकारका अध्ययन विधिबाट तथ्याङ्क संकलन गर्ने प्रयास गरिएको छ । जसमा अनुसन्धान पद्धति भित्र अनुसन्धानको ढाँचा, समग्रता र नमुना छनौटविधि, तथ्याङ्कको प्रकृति र श्रोतहरु, तथ्याङ्क संकलन विधि, तथ्याङ्क संकलनको विश्लेषण र प्रस्तुतीकरण आदि विषयहरुको वास्तविक पहिचान गरी अनुसन्धान पद्वतीलाई भरपर्दो र विश्वासनीय बनाउने प्रयत्न गरिएको छ ।

### ३.३ अनुसन्धानको ढाँचा

अनुसन्धान ढाँचा वास्तवमा अनुसन्धान कार्यमा संकलन गरिने तथ्याङ्कहरुको विश्लेषण र व्याख्या कसरी गर्ने तथा निष्कर्ष कुन प्रक्रियाको आधारमा निकाल्ने भन्ने कुराको निक्यौल गर्ने तथा प्रयोगमा आउने एउटा महत्वपुर्ण विधि हो । त्यसैले यस शोधपत्रको अनुसन्धानको क्रममा वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचाको अवलम्बन गरिएको छ । जसमा प्राथमिक तथ्याङ्को

व्याख्या विश्लेषणात्मक ढाँचामा र द्वितीय तथ्याङ्कका स्रोतका व्याख्या वर्णनात्मक ढाँचामा गरिएको छ । साथै यस अध्ययन क्षेत्रको सामाजिक, सांस्कृतिक, आर्थिक र शैक्षिक अवस्था र यसका सम्भावना र चुनौतीहरुको बारेमा सामान्य रुपमा वर्णन गरी घरबासको सामाजिक प्रभावको बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

## ३.४ समग्रता र नमुना छनौटविधि

यस अध्ययनलाई सामुदायिक घरबास सञ्चालक सदस्यहरुलाई लक्षित गरी अनुसन्धानको नमुना छनौट गरिएको छ । इलाम नगरपालिकाको जम्मा जनसंख्या १८६३३ मा वार्ड नः ६ मा २११९ जनसंख्या रहेको छ । जम्मा १५० घरधुरी संख्या रहेको क्षेत्रमा जम्मा २० घरधुरीका २० जना महिलाहरुलाई नमुना छनोटको रुपमा लिइएको छ । यस अनुसन्धानमा बालनगाउँ सामुदायिक घरबासको अवस्था र समाजमा पारेको प्रभावको बारेमा अनुसन्धान गर्न नमुना छनौटका विभिन्न विधिहरु मध्ये यस अनुसन्धान कार्यमा उद्धेश्यमुलक नमुना छनौट विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्कको प्रकृति (गुणात्मक र संख्यात्मक तथा स्रोतहरु)

अनुसन्धानको कममा तथ्याङ्क सङलनका विभिन्न तरिकाहरु हुने गर्दछन् । जसमा अनुसन्धानको विषय अनुरुप प्राथमिक र द्वितीय तथ्याङ्क प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कको सङकलन गर्दा अध्ययन क्षेत्रका उत्तरदाताहरु सँगको प्रत्यक्ष भेटघाट, प्रश्नावलीको अनुसूची, अन्तवार्ता, अवलोकन, वैयत्तिक अध्ययन, मुख्य सूचनादाता सँगको छलफल, आदिबाट गरिएको छ । त्यसैगरी द्वितीय तथ्याङ्क सङकलन गर्दा अनुसन्धान विषयसँग सम्बन्धित रहेका विभिन्न लेख, रचना, प्रतिवेदन, पुस्तक, पत्रिका, ब्रोसर, शोधपत्र, त्यसैगरी घरबास व्यवस्थापन समितिको कार्यालय आदिबाट लिइएको छ । जसले गर्दा अध्ययन विषय वास्तविक र भरपर्दो बनाउने प्रयास गरिएको छ ।

अध्ययन र अनुसन्धानको कममा पत्ता लगाइएका कुराहरु संख्यामा नभएर सम्पुर्ण रुपमा शब्दहरुमा प्रस्तुत गरिएको हुन्छ । गुणात्मक अनुसन्धानले बृहत खालका विभिन्न प्रकारका अनुसन्धानका विधिहरुलाई समावेश गर्छ । गुणात्मक अनुसन्धान अनुसन्धानकर्ताले वास्तविक सामाजिक वातावरणहरुलाई अवलोकन, अन्तवार्ता लगायतका क्षेत्रलाई अर्थ्याउने अन्य विधिहरु मार्फत तथ्याङ्कहरु प्रत्यक्ष रुपले सङकलन गर्दछन् अध्ययनबाट प्राप्त तथ्यहरुलाई शब्दहरुमा प्रस्तुत गरिन्छ ।

त्यसैगरी सङख्यात्मक तथ्याङ्क अन्तर्गत कुनै पनि अनुसन्धानलाई सङ्ख्यात्मक रुपमा देखाउन सकिन्छ । सङख्यात्मक तथ्याङ्कले सामाजिक विषयवस्तुहरुको तथ्याङ्कशास्त्रीय र गणितीय तरिकाको माध्यमबाट हुने व्यावस्थित शोधखोजलाई जनाउँछ । सङख्यात्मक अनुसन्धानको उद्वेश्य तथ्याङ्कशास्त्रीय विधिहरुको प्रयोग गरी सामाजिक विषय वस्तुको अध्ययन गर्नु वा सामाजिक विषयवस्तुहरुको अध्ययनमा तथ्याङ्कशास्त्रीय विधिहरुको उपयोग गर्नु रहन्छ ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

अनुसन्धान विषय कस्तो बनाउने भन्ने सम्बन्धमा तथ्याङ्क सङ्कलन विधिमा निर्भर रहन्छ । सकेसम्म यस अध्ययनलाई भरपर्दो र विश्वासनीय बनाउनको लागि तथ्याङ्क सङकलनमा अन्तवार्ता सूची, प्रश्नावली, वैयत्तिक अध्ययन, अवलोकन विधि र मुख्य सूचनादातासँगको भेटघाटबाट तथ्याङ्क सङकलन गरिएको छ ।

### ३.६.१ प्राथमिक तथ्याङ्क सङ्कलन विधि

अनुसन्धानको कममा तथ्याङ्क सङलन प्राथमिक स्रोतबाटसङकलन गर्दा शोधकार्य बढी विश्वासनीय र भरपर्दो हुने हुँदा यस अनुसन्धानलाई पनि प्राथमिक तथ्याङ्क सङलन विधिलाई प्रमुख स्थान दिइएको छ । यस अध्ययनलाई प्राथमिक तथ्याङ्क सङकलन विधि अपनाउनुको अर्को कारण यस क्षेत्रमा सञ्चालित घरबासको सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थाको बारेमा समाजशास्त्रीय अध्ययन यस क्षेत्रमा पहिलो भएकाले पनि सहायक तथ्याङ्कको अभाव रहेको छ । त्यसैले पनि प्राथमिक तथ्याङ्क सङकलन विधिको प्रयोग बढी मात्रामा गरिएको छ । तसर्थ यी समपुर्ण विधिहरुको विस्तृत विवरण निम्नानुसार गरिएको छ ।

### ३.६.२ प्रश्नावली

सर्वेक्षण अनुसन्धानमा प्रयोग हुने मुख्य औजार प्रश्नावली हो । तोकिएको शीर्षक अन्तर्गत रहेर उत्तरदाताहरुबाट प्रतिकियाहरु सङकलन गर्नका लागि ढाँचाकृत गरिएका प्रश्नहरुको औपचारिक संग्रहलाई प्रश्नावली भनिन्छ । यस अध्ययन तथा अनुसन्धान कार्य यस क्षेत्रमा बसोबास गर्ने घरबास सञ्चालकहरुको सामाजिक अवस्थाको बारेमा जानकारी प्राप्त गर्नको लागि प्रश्नावली को प्रयोग गरेर सम्बन्धित क्षेत्रमा गएर प्रत्यक्ष घरबासमा संलग्न व्याक्तिहरुलाई सोधिएको छ ।

### ३.६.३ अन्तवार्ता

प्राथमिक तथ्याङ्क संकलनको महत्वपुर्ण विधिमध्ये अन्तवार्ता विधि पनि एक हो । अध्ययनको कममा आवश्यक सामाग्री प्राप्त गर्नको लागि सम्बन्धित अध्ययन क्षेत्रमा गएर प्रत्यक्ष कुराकानी गर्ने काम गरिएको छ । घरबास व्यावसायमा संलग्न व्यक्तिहरुको वास्तविक अवस्था थाहा पाउन र उक्त व्यावसायले सामाजिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनको लागि अन्तर्वार्ताद्वारा तथ्याङ्क सङकलन गरिएको छ ।

### ३.६.४ अवलोकन

यस अध्ययन तथा अनुसन्धान कार्य यस क्षेत्रमा बसोबास गर्ने घरबास सञ्चालकहरुको सामाजिक अवस्थाको बारेमा जानकारी प्राप्त गर्नको लागि अध्ययन गरिएको छ । यहाँका घरबास सञ्चालक सदस्यहरुको सामाजिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा परेको प्रभाव पत्ता लगाउन र घरबास सञ्चालनका बेला गरिने विविध कियाकलापलाई अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.६.५ वैयत्तिक अध्ययन

वैयत्तिक अध्ययन विधि पनि प्राथमिक तथ्याङ्क सङलनको लागि महत्वपुर्ण अध्ययन तथा अनुसन्धान विधि हो । जसमा व्याक्तिको विगत देखी वर्तमान सम्मको जीवनशैलीको ज्ञान हुनुको साथै त्यहाँका मानिसहरुको सामाजिक, सास्कृतिक, आर्थिक र शैक्षिक अवस्थाको बारेमा जान्न सहयोगी भुमिका निर्वाह गर्दछ । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने घरबास सञ्चालकहरु मध्येमा दुई जना महिलाको बारेमा विस्तृत रुपमा अध्ययन वुकगरिएको छ । जसमा उनीहरुले आफनो जीवनकालमा भोगेका सामाजिक, सांस्कृतिक, र आर्थिक अवस्था बुझ्न र घरबास सञ्चालन पछि भएको परिवर्तन कस्तो छ भन्ने विषयमा अध्ययन गरिएको छ । उल्लेखित वैयक्तिक अध्ययन गर्नुको पछाडी वास्तविक जीवनका भोगाइलाई प्रकाश पादै विभिन्न प्रकारका महत्वपुर्ण तथ्याङ्क सङ्लन गरी घरबासको अवस्थाको बारेमा जानकारी लिन थप सहयोग पुगेको छ ।

## ३.७ मुख्य सूचनादाता

अनुसन्धानलाई विश्वसनीय र भरपर्दो बनाउनको लागि मुख्य सूचनादाताहरुको पनि महत्वपुर्ण भुमिका रहन्छ । त्यसैले अध्ययन क्षेत्रका स्थानीय जनता समाजसेवी, युवावर्ग, महिला लगायतसँग घरबास व्यावसाय र यसले समाजमा पारेको प्रभावको वारेमा मुख्य सूचनादाताहरु बाटपनि सूचना सङकलन गरिएको छ ।

## ३.८ द्वितीय तथ्याङ्क सङलन विधि

यस अनुसन्धान कार्य पुरा गर्नको लागि जति प्राथमिक स्रोतहरुको महत्व रहेको छ । त्यसका अतिरित्त द्वितीय तथ्याङ्कहरुको पनि उत्तिकै महत्वपुर्ण भुमिका रहेको हुन्छ । उक्त अध्ययन कार्यलाई उद्वेश्यमुलक बनाउनको लागि प्राथमिक तथ्याङ्कबाटनआएका स्रोतहरु द्वितीय तथ्याङ्का स्रोतबाटपनि पाउन सकिन्छ । तसर्थ द्वितीय तथ्याङ्कलाई सहयोगी तथ्याङ्को रुपमा लिई वर्णन गरिएको छ । त्यसैगरी द्वितीय तथ्याङ्क लिदा अध्ययन विषय सँग सम्बन्धित विभिन्न प्रकाशन लेख, रचना, प्रतिवेदन, पुस्तक, पत्रपत्रिका, ब्रोसर आदिबाट तथ्याङ्क सङकलन गरिएको छ । स्थानीय लहमा घरबास व्यावस्थापन समितीको कार्यालय, सञ्चालक सदस्यहरु जसले गर्दा अध्ययन विषयलाई वास्तविक र भरपर्दो बनाउने प्रयास गरिएको छ ।

## ३.९ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

यस अध्ययनमा संकलित तथ्याङ्कलाई वर्णनात्मक र विश्लेषणात्मक दुवै किसिमले आवश्यकता अनुसार प्रस्तुत छ । तथ्याङ्क अध्ययनको उद्वेश्य अनुरुप वर्णनात्मक र विश्लेषणात्मक विवेचना गरिएको छ । वास्तविक तथ्याङ्क पत्ता लगाउन तथ्याङ्कीय विधि अनुरुप आवश्यक प्रतिशत तालिका आदिको प्रयोग गरिएको छ ।

# अध्याय चार

# तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

## ४.१ नेपालको परिचय

नेपाल विश्व मानचित्रमा एशिया महादेशमा अवस्थित एक बहुजातिय, बहुभाषिक, एव बहुसांस्कृतिक मुलुक हो । एशिया महादेश भित्रका धेरै राष्ट्रहरु मध्ये नेपाल पनि पर्दछ । यो देशले विश्वको ०.३% र एशियाको ०.०३% भु-भाग ओगटेको छ । नेपालको कुल क्षेत्रफल १,४८,१८१ वर्ग किलोमिटर रहेको छ । पूर्व पश्चिम औसत लम्बाई ८८५ किलोमिटर र चौडाई १९३ किलोमिटर रहेको छ । छिमेकी राष्ट्रहरु चीन र भारतको माझमा नेपाल पर्दछ । जुन भारत भन्दा २२ गुणा सानो र चीन भन्दा ६७ गुणा सानो रहेको छ । हिमालको काखमा अवस्थित नेपाल एक स्वतन्त्र अविभाज्य र सार्वभौमसत्ता सम्पन्न राज्य हो ।नेपाल अधिराज्य २७.२२ उत्तरदेखी ३०.२७ उत्तरी अक्षांश र ८०.४ देखी ८८.२२ पुर्वी देशान्तर सम्म फैलिएको छ । यसको उत्तरतर्फ चीनको स्वाशासित प्रदेश तिब्बत पर्दछ । यसको पश्चिम दक्षिण, पूर्वतिर भारतको उत्तर प्रदेश विहार, पश्चिम बंगला, र सिक्कम पर्दछ । (भट्टराई ,२०६३)

### ४.१.१ इलाम जिल्लाको परिचय

नेपालको १४ अञ्चल ७५ जिल्ला मध्ये सुदुर पुर्वमा पर्ने इलाम जिल्ला पुर्वाञ्चल विकास क्षेत्रको मेची अञ्चलमा अवस्थित रहेको छ । ७ वटा अ, आलु, अतिथी आगमन, अलैची, अदुवा, अकबरे, ओलन, अम्लिसोले चिनिने यो जिल्ला चियाखेतीका लागि पनि उपयुक्त समशीतोष्ण हावापानी र स्वच्छ वातावरणका नामले चिन्ने गरिन्छ । यस जिल्लामा ४३ नगरपालिका र ६ गाउपालिका सहित १० वटा स्थानीय तह र ८१ वटा वडा रहेका छन् । विकासका पूर्वाधार सडक, बत्ती, पानी, टेलीफोन लगायतका सुविधाहरु प्रायः गरी सबै गाउँपालिकामा पुगेको पाइन्छ । साथै प्राकृतिक सौन्दर्यले भरिपुर्ण मनोरम प्राकृतिक भु-बनोट होचा हरिया पहाडहरुले पर्यटकहरुलाई मनमोहक बनाउनुका अलवा यस जिल्लालाई हरियालीकी रानी, सुन्दरताकी खानी, सुर्यादयको जिल्ला नकुँदिएको हिरा आदि उपनामले पनि चिन्ने गरिन्छ । (जिल्ला पार्श्वचित्र, २०६४)

### ४.१.२ इलाम नगरपालिकाको परिचय

इलाम जिल्लाको सदरमुकाम समेत रहेको इलाम नगरपालिका अन्य तीन नगरपालिका मध्ये एक पुरानो नगरपालिका हो । समुन्द्री सतहबाट १२०० मिटरमा अवस्थित छ । यसको पुर्वमा

माईखोला, पश्चिममा पुवाखोला,उत्तरमा उजेली खोला र दक्षिणमा पुवामाई खोला रहेको छ। वि:स २०७५ सालमा इलाम सदरमुकाम को स्थापना भएको २०० वर्ष पुरा भएको छ। १८७५ सालदेखी इलामको सदरमुकाम इलाम कायम भएको हो । डेढ सय वर्ष भन्दा पुरानो चियाबारी र चिया कारखाना रहेको पर्यटकीय स्थल हो । इलाम सदरमुकाम तथा आसपासमा मनोरम चियाबारी, नारायणस्थान, सिंहवाहिनी, सेतीदेवी, माइस्थान,भीमसेनस्थान, शंकरादेवी, लगायतका मठमन्दिर, गुम्बा, विभिन्न जातजातीको संस्कृति परम्परा, कृषि वजार आदिको अवलोकन गर्न सकिन्छ । अहिले इलाम नगरपालिकालाई पोलिथिन झोलामुक्त तथा हरित शहरका रुपमा विकास गरिए गरिएपछि यहाँ देश विदेशबाट हजारौ संख्यामा आन्तरिक तथा बाह्य पर्यटक र शैक्षिक अवलोकन भ्रमण का लागि पनि मानिसहरु आउने गर्दछन् । जम्मा जनसङख्या १८,६३३ मा ८,९४६ पुरुष र ९,६८७ महिला त्यसैगरी वार्ड नं. ६ मा २११९ जनसङख्या रहेको मा १,०७५ पुरुष र १,०४४ महिला रहेको छ। (कार्की, २०५८)

तालिका ४.१

जाती जनजातीको आधारमा जनसङख्या वितरण

| जाती जनजाती | जनसङख्या | प्रतिशत |
|---|---|---|
| राई | १५२२ | ८.१६ |
| लिम्बु | १४१९ | ७.६१ |
| शेर्पा | ११८ | ०.६३ |
| मगर | ४३० | २.३० |
| दलित | १२९४ | ६.९४ |
| बाहुन | ३४१० | १८.३० |
| क्षेत्री | ५०३६ | २७.०२ |
| नेवार | १७४८ | ९.३८ |
| तामाङ | १७४८ | ९.३८ |
| अन्य | १९०८ | १०.२३ |
| जम्मा | १८६३३ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

तालिका ४.१ मा देखाए अनुसार इ.न.पा को जम्मा जातजाती अनुसारको जनसङ्ख्या क्षेत्री २७.०२ प्रतिशत, नेवार ९.३८ र लिम्बु ७.६१ प्रतिशत तथ्याङ्क अनुसार यस क्षेत्रमा आर्यन र मंगोलियन जातीको मिश्रित बसोबास रहेको देखिन्छ ।

### ४.१.३ इलाम नगरपालिका भित्रका धार्मिक तथा पर्यटकीय स्थलहरु

**(क) माइस्थान मन्दिर**

यो मन्दिर चिफ कर्णेल गणराज्य सिंह थापाको पालामा निर्माण भएको हो । यो तीन तले पेगोडा सम्पदाको रुपमा रहेको छ । माइस्थान बाट प्रत्येक चैत्र पूर्णिमाको दिन देवी यात्रा गर्ने गरिन्छ । हिन्दुहरु को प्रमुख चाड बडा दशैको महानवमीको दिन करफोकमा पूजा आजा गरी बोका बली चढाए पछी यहाँ माईस्थानको कोतघर मा मार हान्ने चलन थियो । तत्कालीन श्रीनाथ गणको हात हतियार पनी यहाँ राख्ने गरिएको थियो । चौबिसै घण्टा सैनिकहरुले पहरा दिने गरिन्थ्यो । (कार्की, २०५८)

**(ख) नारायणस्थान मन्दिर**

इलाम बजारको सिरानमा रहेको यो मन्दिर इलाम बजार निवासी भवानी दास राजा लवटले विष्णुनारायण र बालगाविन्दको मुर्ति राखी स्थापना गरेको इतिहास भेटिन्छ । विःसः १९२२ मा तत्कालीन कर्णेलले यसलाई मन्दिरको रुप दिएका हुन् । यहाँ एउटा शिवको मन्दिर पनि छ । मन्दिर छेउ दुई धर्मशाला एक मारवाडी सेवा समितीको अतिथी सदन निर्माण गरिएको थियो । मन्दिर छेउमा एउटा सानो पोखरीमा रङ्गीन माछाहरु राखिएका छन् । जसले मन्दिरको शोभा बढाउने काम गरेको छ । (कार्की, २०५८)

**(ग) भिमसेन स्थान मन्दिर**

विक्रम सम्वत १९०९ सालमा तत्कालीन लेफटीनेन्ट अर्जुन थापाले निर्माण गरेको ऐतिहासिक भिमसेन स्थानको मन्दिर इलाम चोक बजारको दक्षिण पट्टी पेगोडा शैलीमा निर्माण गरिएको छ । यस मन्दिरलाई शक्तिको प्रतिक मानिन्छ । नेवार जातीको कुल देवता र शक्तिको प्रतिक मानिने इलाममा रहेको एक मात्र भिमसेनको मन्दिरलाई मर्मत सम्भार गरी घेराबारा गरिएको छ । इलाम नगर पालिका बाट थप सुधार गरी वरिपरी ग्रील लगाई मर्मत सम्भार गरी बजारको माझमा रहेको मन्दिरको संरक्षण गरी बजारको शोभा बढाउने कार्य गरेको छ । यो

मन्दिरमा नागपञ्चमीको दिन लाखे उद्घाटनको दिन लाखेबाट धुपबत्ती बाली पुजा आजा गरि लाखे जात्राको शुभारम्भ पनि गर्ने गरिन्छ । (कार्की, २०५८)

**(घ) शंकरी देवी**

इलाम नगरपालिका वडा नः २ स्थित शंकरी देवीको मन्दिर वैद्य परिवारबाट निर्माण गरिएको छ । शंकरी देवी एउटा ढुङ्गा माथी अर्को ढुङ्गा निस्किएर उत्पत्ति भएकी छिन । यहाँ वरिपरि छिन्ताङ देवी र शिव मन्दिर छ । यहाँ प्रत्येक मंगलबार बिहान बेलुका १०८ बत्ती जलाएर पुजा अर्चना गर्ने गरिन्थ्यो । (कार्की, २०५८)

**(ङ) सिंहवाहिनी देवी मन्दिर**

परापुर्वकालदेखि इलाम बजारको दक्षिण भागमा निर्मित सिंहवाहिनी एक प्रसिद्व धार्मिक स्थल हो । सुन्दर रुख बगैचा र २४ घण्टा पानी आउने धाराहरु वरिपरी मन्दिरको शोभामा थप आकर्षण रहेको छ । झाकी सेउला र मालगिरी नामक दुइवटा रुख एकै ठाउँ भएको फेदमा सिंहवाहिनी देवीको बास रहेको मानिन्छ । पहिले ती दुवै बीच भागमा ओडार जस्तो खोपीमा एउटा शिला थियो भन्ने किंबदन्ती पाइन्छ । एउटा तीनतले ठुलो धर्मशाला धार्मिक कार्यको लगायत जिल्लामा नै मन्दिरबाट गरिने शुभ विवाह कार्य यस मन्दिर छेउमा रहेको धर्म शालाबाट गर्ने गरिन्छ । (कार्की, २०५८)

**(च) सेतीदेवी मन्दिर**

इलाम बजारबाट पश्चिम तर्फ करिब १ घण्टाको सामान्य ओरालो बाटोबाट पैदल यात्रा गरी पूवाखोला पुगिन्छ । शान्तिडाँडा जाने मुलबाटो पुवाखोलाबाट २०० मिटर जतिको उचाईमा रहेको पहरामा सेतीदेवी मन्दिर छ । पहरा भित्र एउटा विशाल ढुङ्गा ले गुफा जस्तो बनाएको छ । त्यही भित्र रहेको विशाल ढुङ्गा देवीको रुपमा पूजा गरिन्छ । मन्दिर छेउमा खोल्साको पानी ढुङ्गा को बीच भागबाट निस्केर करीब १२-१५ मिटरको उचाईबाट झरना खसेकोले मन्दिरको प्रकृति बनावट हेर्दा सबै जना लोभिने गर्दछ । त्यही नजिकको पुवाखोलामा नुहाई धुवाई गर्दा रोगव्याधी हरण हुन्छ । भन्ने भनाई रहेको छ यहाँ प्रत्येक शनिवार र अन्य दिन भिडभाड हुन्छ । वनभोज खानको लागि पनि एकदम उपयुक्त ठाउँ रहेको छ । (कार्की, २०५८)

**(छ) इलाम चिया कमान**

विःसः १९२० सालमा स्थापना भएको चिया कमान इलाम जिल्ला कै चियाको पर्यायवाची बनिसकेको छ । इलाम जिल्लालाई हरियाली बनाउने कार्य चियाको बोट विरुवाले उल्लेखनीय

कार्य गरेको छ । जतातत्तै चियाका थुम्काइला डाँडाहरुले इलामको शोभायान गर्ने कार्य १५० वर्ष अगाडी देखी भइ आएको छ साथै उत्पादन प्रदान अहिले सम्म भइरहेको छ । इलाम बस पार्क देखी नजिक रहेको इलामको पर्यटकीय क्षेत्रमा विशेष सहयोग गर्ने इलाम चिया कमानको भुमिका उल्लेखनीय छ । यहाँ महिला श्रमिकहरुले लहर मिलाएर लोक गीतका गुञ्जन सहित हरिया चियाको मुना टिपिरहेको दृश्यले जुनसुकै व्याक्तीलाई पनि मुग्ध गराउँदछ । कारखानाबाट निक्लिएको चियाको ताजा सुवासले झन लट्ठ नै पार्दछ । फुर्सदको समयमा मानिसहरु बिहान बेलुका चिया बगानको सुन्दर दृश्यावलोकन गरि बिताउन सक्दछन् । (कार्की, २०५८)

## ४.१.४ अध्ययन क्षेत्रको परिचय

इलाम सदरमुकाम, इलामबजारबाट करिब दुई किलोमिटर पश्चिम इलाम नगरपालिका वडा नः ६ मा अवस्थित बालनगाउँ लिम्बु र नेवार जातिको बसोबास भएको गाउँ हो । नगरपालिका भित्रै भएपनि यो ठाउँले परम्परागत गाउँको प्रतिनिधित्व गर्दछ । यही गाउँका २० घरमा २०७२ सालबाट घरबास (होमस्टे) सुरु भएको छ । यसका लागि एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत इलाम उद्योग वाणिज्य संघले कार्यक्रम को लागि स्थान छनौट गरेको हो ।

इलाम बजारको नवीनचोकबाट इलामको ऐतिहासिक चियाबारी हुदै मोटरमा १० मिनेटमा बालनगाउँ पुग्न सकिन्छ । पैदलयात्रा रुचाउनेहरुका लागि सामान्य हिडाइमा ३० मिनेटमा त्यहाँ पुग्न सकिन्छ । बालनगाउँ होमस्टेमा बसेर इललामको व्यावसायिक कृषि, पशुपालन, जलविद्युत, चियाखेतीको अध्ययन गर्न पायक पर्दछ । १५० वर्ष पुरानो चियाबगान, नेपालकै सबै भन्दा पुरानो औद्योगिक कारखानाका रुपमा रहेको इलाम चिया फ्याक्ट्री सम्बन्धित विषयमा रुची हुनेहरुको लागि आकर्षक छन् । यहाँ बसेर अलैची, किबीफल आदिबारे स्थलगत अध्ययन गर्न सकिन्छ । यहाँबाट सेतीदेवी मन्दिर र पुवाखोलाको भ्रमण गर्न नजिक पर्दछ भने भालुढुङ्गा नामक गुफाको पनि अवलोकन गर्न सकिन्छ । यस क्षेत्रमा वनजङगलको अवलोकन गर्न पाइन्छ । लिम्बु र नेवार जातीको संस्कार संस्कृतिको जानकारी लिन सकिन्छ । बालनगाउँ एक पर्यटकीय गाउँको रुपमा विकास हुने कम जारी छ । यहाँ पर्यटकहरुको आउने क्रम भइरहेको छ । यहाँ ग्रामीण पर्यटनको अवधारणाको सुरुवात भएको पाइन्छ । यस परम्परागत गाउँमा कृषि र पशुपालन पेशा गरी बस्ने यहाँका जनतालाई ग्रामीण पर्यटन व्यावसाय तर्फ आकर्षण बढेको पाइन्छ । (स्थलगत अध्ययन, २०७५)

## ४.१.५ बालनगाउँ घरबास (होमस्टेमा) उपलब्ध सेवा सुविधाहरु

विशेष गरी लिम्बु र नेवारी जातीद्वारा सञ्चालित सामुदायिक घरबास भएको कारण यस होमस्टेमा स्थानीय खाद्य पदार्थलाई विशेष जोड दिएको पाइन्छ । यहाँ उत्पादित कोदो जन्य पदार्थहरु कोदोको ढिँडो, रोटी, तोङबा, रक्सी त्यसैगरी गुन्द्रुकको अचार, लोकल कुखुराको मासु, लोकल माछा लगायत लिम्बु परिकारहरु साथै नेवार परिकारहरुको स्वाद लिन सकिन्छ । त्यस्तै लिम्बु र नेवार जातिय संस्कृतिहरु देख्न पाइन्छ । बजार र होटल भन्दा अलि टाढा तर घर जस्तै महसुष गर्न सकिने ताजा र स्वाच्छ तथा अर्गानिक खानाको साथमा पाहुनालाई पारिवारिक वातावरण प्रदान गरिने हुँदा यस घरबासको विशेष महत्व छ । होटलको भन्दा अलि कम मुल्यमा खान र बस्न पाइने हुँदा पनि घरबास प्रति पाहुनाको बढ्दो आकर्षण छ  (स्थलगत अध्ययन, २०७५)

यस घरबासमा सफा एकल र डबल बेड भएको ग्रामीण कोठाहरु उपलब्ध छन् । स्वाच्छ खानेपानी शान्त वातावरण र आवश्यक अनुसार तालिम, गोष्ठी सेमीनारको लागि छुट्टै एक सामुदायिक भवन पनि उपलब्ध छ जहाँ सांस्कृतिक कार्यक्रमहरु देखाइने गरिन्छ ।

तालिका ४.२

बालनगाँउ होमस्टे घरहरुको विवरण

| सि.न. | कोठाको प्रकार | होमस्टे घरहरु | प्रतिशत | पर व्यक्ति दर |
|---|---|---|---|---|
| १ | सिंगल | १० | ५० | १५० |
| २ | डबल | ९ | ४५ | १५० |
| ३ | संयुक्त | १ | १ | १५० |
| | जम्मा | २० | १०० | |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका ४.२ अनुसार घरबासले २० ओटा घरधुरी संख्या पाहुनाको लागि छुटयाएको छ । त्यसमा १० ओटा सिंगल कोठा, ९ ओटा डबल कोठा, १ ओटा संयुक्त गरी जम्मा एक रातमा ६९ जना पाहुना राख्न सक्ने क्षमता रहेको र घरबास व्यावस्थापन समितिको भनाई अनुसार भविष्यमा यसको क्षमता बढाउने योजना रहेको पाइयो ।

## ४.१.६ बालनगाउँ सामुदायिक घरबासमा उपलब्ध सेवा सुविधाहरु

तालिका ४.३

बालनगाउँ सामुदायिक घरबासमा उपलब्ध सेवा सुविधाहरु

| सिन.नः | उपलब्ध सेवा | उत्तरदाता | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सुत्ने | २० | १०० | |
| २ | खाना र सुत्न | २० | १०० | |
| ३ | जातिय नृत्य | १० | ५० | लिम्बु |
| ४ | स्थानीय परिकार | १८ | ९० | गुन्द्रुक,मकै,ढिँडो,भटमास,कादोको रोटी,नेवारी परिकार |
| ५ | स्थानीय पेय पदार्थ | १८ | ९० | तोङबा,रक्सी, |

स्रोत :स्थलगत अध्ययन, २०७५

तालिका ४.३ को अनुसार सामुदायिक घरबासमा आउने पाहुनाहरुलाई २० जनाको समुहमा २० जना उत्तरदाताले खान र सुत्न दुवै सेवा दिन सक्ने बताए भने १० जनाले मात्रै लिम्बु जातीय नृत्य देखाउन सक्ने बताए त्यसैगरी १८ जनाले मात्र स्थानीय खाद्यय पदार्थ दिन सक्ने बताए भने १८ जनाले मात्रै स्थानीय पेय पदार्थ दिन सक्ने बताए । बाँकी २ जनाले स्थानीय साथै बाह्य दुवै खाद्यय पदार्थ दिन सक्ने बताए ,यस अध्ययनका अनुसार घरबासमा आउने पाहुनाहरुलाई इच्छा चाहना अनुसार स्थानीय तथा बाह्य दुवै किसिमको खाद्यय पदार्थ दिन सक्ने पाइयो ।

## ४.१.७ बालनगाउँ सामुदायिक घरबास व्यावसायमा संलग्नको उमेर र लिङ्गगत विवरण

तालिका ४.४

बालनगाउँ सामुदायिक घरबास व्यावसायमा संलग्नको उमेर र लिङ्गगत विवरण

| उमेर समुह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०-३० | ६ | २ | ८ | ४० |
| ३०-४० | ३ | ५ | ८ | ४० |

| | | | | |
|---|---|---|---|---|
| ४०-५० | ३ | - | ३ | १५ |
| ६०+ | १ | - | १ | ५ |
| जम्मा | १३ | ७ | २० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका ४.४ अनुसार अध्ययन क्षेत्रबाट घरबास व्यावसायमा संलग्न घरपरिवारको जनसंख्यालाई विभिन्न उमेर समुहमा विभाजन गरेर विश्लेषण गरिएको छ । यस अध्ययन बाट घरबास व्यावसायमा संलग्न परिवार २० वटा घर रहेका छन् । जस्मा पुरुषको संख्या ७ र महिलाको १३ जना रहेको छ । जसमा ०-२० उमेर समुहका घरबास व्यावसायमा संलग्न नभएको पाइयो ।जसको कारण तालिकामा देखाउदा १० को अन्तर पारेर उमेर समुहलाई विश्लेषण गरिएको छ । जसमा जम्मा जनसंख्यामा ३०-४० उमेर समुहमा बढी मात्रमा घरबास व्यावसायमा संलग्न हुने गरेको पाइन्छ । यहि उमेर समुहलाई सक्रिय जनशक्तिको रुपमा लिइन्छ । त्यस्तै गरी २०-३० उमेर समुहमा महिलाको संख्या बढी देखियो भने ६० वर्ष भन्दा माथि उमेर समुहमा १ जना मात्र रहेको देखियो । देशमा रोजगारको अवसर सिर्जना हुन् नसक्दा युवाहरु यस पेशा प्रति आकर्षित भएको पाइयो ।

## ४.१.८ घरबास व्यावसायमा संलग्न व्याक्तिहरुको जातिय विवरण

जुनसुकै समाजमा पनि विभिन्न जातजातीको बसोबास रहेको हुन्छ । जातको आधारमा काम वा पेशाको वर्गीकरण गरिएको हुन्छ । तर अहिले आएर पर्यटन व्यावसायमा सबै जातको संलग्नता रहने हुँदा जातको आधारमा गरिने कामको बाँडफाँड कमश कम हुदै गएको छ । यहाँ अध्ययन क्षेत्रको घरबास व्यावसायमा संलग्न जाती जनजातीगत विवरणलाई प्रस्तुत गरिएको छ ।

तालिका ४.५

बालनगाउँ घरबास व्यावसायमा संलग्न व्याक्तिहरुको जातिय विवरण

| जाती/जनजाती | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| लिम्बु | ७ | ३ | १० | ५० |
| नेवार | ६ | ४ | १० | ५० |
| जम्मा | १३ | ७ | २० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका ४.५ अनुसार यस घरबास दुई जातिले सञ्चालन गरेको व्यावसाय भएको कारण यहाँ दुई जातीको मात्र संलग्नता पाइन्छ । यस अध्ययन क्षेत्रमा लिम्बु र नेवार समुदायको मात्र बसोबास रहेको कारण यहाँ १० लिम्बु र १० नेवारको संलग्नता पाइन्छ । लिम्बु समुदायको पुरुष भन्दा महिलाको संख्या बढी देखिन्छ । त्यसै गरी नेवार जातीको पनि पुरुष भन्दा महिलाको संलग्नता यस व्यावसायमा बढी पाइन्छ । पुरुषहरु अन्य व्यावसाय र जागिरको कामले व्यास्त रहने र महिलाहरु घरायसी काम गरेर बस्नुपर्ने भएको कारण यो व्यावसाय घरमै बसोबास गर्ने व्याक्तीहरु संलग्न रहेको पाइन्छ । त्यसकारणले दुवै जातीको पुरुष भन्दा महिला बढी यस व्यावसायमा आकर्षित साथै संलग्न भएको पाइन्छ ।

## ४.१.९ घरबास व्यावसायमा संलग्न परिवारको मुख्य पेशागत विवरण

तालिका ४.६

घरबास व्यावसायमा संलग्न परिवारको मुख्य पेशागत विवरण

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १३ | ६५ |
| व्यापार | १ | ५ |
| नोकरी | ४ | २० |
| मजदुरी | २ | १० |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका ४.६ अनुसार घरबास व्यावसायमा संलग्न मध्ये धेरै परिवारको मुख्य पेशा कृषि रहेको पाइयो । सबैले जे-जस्तो पेशा गरेतापनि घरबास व्यावसाय इलाम नगर क्षेत्र भित्र नयाँ भएको बताए । आफुले गरिरहेको पेशालाई निरन्तरता दिदै अतिरिक्त समयमा यो व्यावसाय गर्न सकिने बताए भ्रमणको मौसममा विशेष गरी यो व्यावसाय बढी चल्ने भएको कारण यस व्यावसायलाई मौसमी खेतीको रुपमा गर्न सकिने बताए । विगतमा गरिरहेको पेशालाई व्यावस्थापन गदै यो घरबास व्यावसाय गर्न सकिने भएकोले यो व्यावसायमा संलग्न भएको पाइयो ।

## ४.१.१० घरबास व्यावसायमा संलग्न व्याक्तिहरुको शिक्षा सम्बनधि विवरण

तालिका ४.७

घरबास व्यावसायमा संलग्न व्याक्तिहरुको शिक्षा सम्बनधि विवरण

| शिक्षा | संख्या | प्रतिशत |
|---|---|---|
| १-५ कक्षा सम्म | १ | ५ |
| ६-९ कक्षा सम्म | ५ | २५ |
| १० कक्षा सम्म | ३ | १५ |
| एस.एल.सी. पास सम्म | ६ | ३० |
| प्रमाणपत्र तहसम्म | २ | १० |
| स्नातक तह सम्म | २ | १० |
| स्नातकोत्तर तह सम्म | १ | ५ |
| जम्मा | २० | १०० |

स्रोतःस्थलगत अध्ययन, २०७५

तालिका ४.७ को अनुसार शिक्षा हरेक पेशा व्यावसायको लागि आवश्यक आधारभुत तत्व हो । शिक्षा समय, परिवेश र सन्दर्भ अनुसार फरक-फरक प्रकारको आर्जन गर्नु आवश्यक हुन्छ । व्यावसायिक शिक्षा आजको आवश्यकता रहेको छ । एक सफल व्यावसायी बन्न त्यस व्यावसाय सँग सम्बन्धित ज्ञान हासिल गरेको हुनु आवश्यक छ ।

माथिको तालिका अनुसार घरबास व्यावसायमा संलग्न व्याक्तिहरु कम्तीमा पनि साक्षर र त्यो भन्दा माथि पढेकाहरु संलग्न छन् । यो एक ग्रामीण पर्यटन व्यावसाय भएको कारण बाह्रय पर्यटकहरु पनि नेपाल भएकाले गर्दा विशेष अंग्रेजी भाषाको राम्रो ज्ञान हुन् आवश्यक रहेको छ । घरबास व्यावसायमा आबद्वहरुलाई अंग्रेजी बोलचालको तालिमको आवश्यक हुन्छ ।

## ४.१.११ घरबास व्यावसाय प्रति बढ्दो आकर्षणका कारणहरु

### (क) ग्रमीण समुदायको आर्थिक विकासको लागि

आज भोली पछिल्लो समयमा ग्रामीण पर्यटन व्यावसाय धेरै जसोले अंगालेको पाइन्छ । ंग्रामीण समुदायमा पर्यटन व्यावसायको सम्भावना धेरै रहेको भएपनी पर्यटन व्यावसाय सम्बन्धी अवधारणाको कमी रहेको छ । तर विगतको समयमा भन्दा आज ग्रामीण समुदायको पर्यटन प्रति

चेतनाको विकास भएको कारण ग्रामीण क्षेत्रको स्रोत साधनको प्रयोग गरी ग्रामीण समुदायको आर्थिक विकास गर्नु पर्छ भन्ने मान्यताले गर्दा पनि यस घरबास व्यावसाय प्रति ग्रामीण जनता आकर्षित भएको पाइन्छ ।

### (ख) ग्रामीण समुदायको भौतिक विकास निर्माण र विस्तारको लागि

ग्रामीण पर्यटन अथवा घरबास व्यावसाय विकास निर्माणको एक माध्यम पनि हो । भौतिक विकासको कमी भएको क्षेत्रमा घरबास सञ्चालन गरेमा त्यहाँ का आवश्यकताहरु ले विकासको माग गर्दछ । पर्यटन व्यावसाय सञ्चालन भएको क्षेत्रमा हरेक हिसाबले विकासको आवश्यकता पर्दछ । जस्तै बाटो निर्माण, खानेपानी, बिजुली बत्ती लगायत सञ्चार सम्पुर्ण पक्षमा विकासको खाँचो पर्छ । त्यसकारण अविकसित क्षेत्रमा घरबास व्यावसाय सञ्चालनको कारण विकास निर्माण गर्नुपर्ने हुन्छ । त्यसकारण पनि आजभोली ग्रामीण जनता घरबास व्यावसाय प्रति आकर्षित भएको पाइन्छ ।

### (ग) धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणको लागि

पर्यटन व्यावसायको अर्को आधार धार्मिक तथा सांस्कृतिक सम्पदा पनि हो । यही सम्पदाको प्रयोग गरेर पर्यटन व्यावसाय गरिन्छ । घरबासमा आउने पर्यटकहरुले धार्मिक स्थल तथा सांस्कृतिक सम्पदाको अवलोकन गरेर मनोरञ्जन लिने गर्दछन् । यही सम्पदाहरु हेर्न र रमाउन पर्यटकहरु घरबास सम्म आउने र बस्ने भएकाले पनि यस्ता सम्पदाको संरक्षण गर्नको लागि पनि यो व्यावसायमा आकर्षित भएको देखिन्छ ।

### (घ) स्थानीय उत्पादनको प्रयोग र बजार विस्तारको लागि

स्थानीय कृषि उत्पादन र हस्तकलाका सामानहरुले बजार नपाइरहेको अवस्थामा घरबास व्यावसाय सञ्चालन गरेमा घरबासमा आउने पर्यटकहरुको माध्यमबाट ती वस्तुहरुको बजारीकरण हुन्छ । स्थानीय उत्पादित कृषि उपजहरुले मुल्य पाउने हुन्छ । स्थानीय उत्पादनहरु बजार नपाएर खेर गइरहेको बेला घरबास व्यावसायले यसको प्रयोग आउनुका साथै मुल्य साटने र बजारीकरण हुने अवसर प्राप्त हुने भएको कारण ग्रामीण जनताहरु यस व्यावसाय प्रति आकर्षित भएको पाइन्छ ।

### (ङ) स्वरोजगार हुनको लागि

ग्रामीण समुदाय देखी लिएर शहरी क्षेत्रमा अहिलेको समस्या भनेको युवा शैक्षिक वेरोजगार को समस्या जटिल विषयको रुपमा देखिन्छ । यो समयमा घरबास व्यावसायको

अवधारणाले समुदायमा केही मात्रमा भएपनी युवालाई स्वरोजगार हुने अवसर मिलेको छ । पढे लेखेर पनि रोजगार नपाएका युवाहरु घरबास व्यावसायमा संलग्न भएर समाजमा केही परिवर्तन गर्ने, घरमै बसेर केही आर्थिक आम्दानी गर्न सफल भएको पाइएको छ । त्यसकारण पनि ग्रामीण जनता घरबास व्यावसायमा आकर्षित भएको पाइन्छ ।

**(च) अन्तराष्ट्रिय बजारमा देशको छवि निर्माणका लागि**

घरबास व्यावसाय  पर्यटन व्यावसाय भएको कारण यहाँ स्वदेशी तथा विदेशी पाहुनाहरु आउने गर्दछन् । घरबास व्यावसाय को माध्यमबाट देशमा भएको कला संस्कृतिहरुको प्रचार प्रसार हुने देशमा भएको प्रकृति सुन्दरताहरुको विश्वमा प्रचार प्रसार हुने,घरबास व्याबसाय मार्फत देशको चिनारी अन्तराष्ट्रिय बजारमा हुने भएकाले पनि घरबास व्यावुायमा आकर्षण बढेको पाइन्छ ।

## ४.१.१२ घरबासले पारेको सामाजिक प्रभाव

यस अध्ययन अनुसन्धान र उक्त व्यावसायमा संलग्नको भनाईको आधारमा घरबास व्यावसायले समाजमा सकारात्मक तथा नकारात्मक दुवै असर पारेको पाइन्छ । घरबास कार्यक्रम सञ्चालन पछि समाजमा सुधार आएको छ । सामाजिक एकता बढेको छ ,समुदायमा सरसफाई कार्यक्रम चलेकोछ ,समाजमा भएका सामाजिक विकृतिहरुमा कमी आएको छ । बाटो, खानेपानी, स्वास्थ्य, सुरक्षामा सुधार आएको, कृषि सम्बन्धि कार्यक्रम प्लाष्टिक तरकारी खेती सम्बन्धि तालिम र तरकारी खेती, प्लाष्टिक माछा पोखरी सम्बन्धि तालिम र माछा पालन गरेको पाइन्छ । त्यसै गरी फलफूल खेती सम्बन्धि तालिम, फूल खेती यी व्यावसायिक तालिम बाट स्वरोजगार भएको पाइन्छ । पाहुनाको आगमनले गर्दा नयाँ नयाँ मान्छेहरुसँग चिनजान नयाँ ठाउँको बारेमा जानकारी प्राप्त हुने अन्य ठाउँको बारेमा बुझ्न पाइने जस्ता फाइदाहरु भएको पाइन्छ । घरबासको माध्यमबाट समाजमा केही न केही फाइदा अवश्य पुगेको छ, घरबास कार्यक्रम सञ्चालन हुनु भन्दा अगाडी को तुलनामा सञ्चालन पछी धेरै नै सकारात्मक परिवर्तनहरु भएको पाउन सकिन्छ । यसको आधारमा भन्न सकिन्छ  कि घरबास व्यावसायले समाजमा सकारात्मक प्रभाव पारेको पाइन्छ ।

**घरबासले पारेको सामाजिक प्रभावलाई यहाँ तालिकामा प्रस्तुत गरिएको छ**

तालिका ४.८

घरबासले पारेको सामाजिक प्रभाव

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सकारात्मक परिवर्तन | १९ | ९५ |
| नकारात्मक परिवर्तन | १ | ५ |
| जम्मा | २० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका ४.८ को आधारमा घरबास व्यावसायमा संलग्नहरुको अनुसार घरबास व्यावसाय सञ्चालन हुनु भन्दा अघि र पछि मा फरक छ, यो व्यावसाय सञ्चालन भएपछि सामाजिक विकृतिमा कमी आएको, स्थानीय कृषि उत्पादनहरुले मुल्य पाएको,संस्कृतिको संरक्षण हुन थालेको, सामुहिक एकता बढेको, ग्रामीण व्यावसायिक अवधारणा सुरु भएको, समाजमा भौतिक पुर्वाधारमा सुधार आएको शान्ति सुरक्षाको पनि राम्रो प्रबन्ध भएको, आर्थिक आय आर्जन भएको र सकारात्मक प्रभाव परेको छ भन्ने १९ जना पाइयो भने, बाँकी १ जनाले मात्र समुदायमा हो हल्ला भएको, पाहुना भने जती नआएकोले राम्ररी चल्न नसकेको, नकारात्मक परिवर्तन पनि छ भन्ने पाइयो ।

## ४.१.१३ घरबासले पारेको धार्मिक तथा सांस्कृतिक प्रभाव

सामाजिक प्रभाव सँगै धार्मिक तथा सांस्कृतिक प्रभावलाई पनि यहाँ अध्ययन गरिएको छ । घरबास सञ्चालनको प्रमुख आधार नै धार्मिक तथा सांस्कृतिक पक्ष हो । घरबासमा आउने पाहुनाहरुलाई आफ्नो परम्परागत जातीय कला संस्कृतिको माध्यमबाट पाहुनाहरुलाई मनोरञ्जन गराई आकर्षण गर्ने गरिन्छ । लोप हुन लागेको नेवार र लिम्बु साँस्कृतिक नाचहरु देखाउने गरिन्छ । जसको माध्यमबाट नेवारी र लिम्बु संस्कृतिलाई बिउझाउने र बचाउने माध्यम घरबास व्यावसाय बनेको छ । घरबास व्यावसाय सञ्चालन हुनु भन्दा अगाडी लिम्बु जातीय नाच धाननाच,च्याब्रुङ नाच,नेवारको जातीय नाच लाखे नाच लगायत अन्य नाच मनोरञ्जनको लागि मात्र विवाह,भोजमा शुभ कार्य वा अशुभ कार्यमा निःशुल्क रुपमा नाचेर देखाउने गरिन्थ्यो । भने अहिले घरबासमा आउने पाहुनाहरुलाई सःशुल्क सांस्कृतिक नाचहरु देखाउने गरिन्छ, जसबाट संस्कृतिको पनि जगेर्ना भयो ,केही आर्थिक आय पनि आर्जन भयो । त्यस्तै लोप हुन लागेको

जातीय खानाका परिकारहरु पनि प्रयोगमा आएको पाइन्छ । घरबासमा आएका पाहुनाहरुलाई लिम्बु र नेवार परिकारहरु दिएर स्वागत गर्ने गरिन्छ । जस्को माध्यमबाट संस्कृतिक परिकारको पहिचान र जगेर्ना भएको छ ।

त्यसैगरी यहाँका धार्मिक स्थलहरुको पनि प्रचार प्रसार भएको पाइन्छ । यहाँका मठ मन्दिरहरु, देवीस्थानहरुको विदेशी पर्यटकहरुले अवलोकन गर्ने, आदिवासी जनजातीहरुले ढुङ्गा अथवा प्रकृतिलाई पुजा गरेका,हाम्रा धार्मिक संस्कारहरु जन्म,मृत्यु,विवाह जस्ता संस्कारहरु, विभिन्न प्रकारका चाडपर्वहरु हेरेर आनन्द लिने र फोटो खिचेर विदेश सम्म पुरयाउने कार्यले स्थानीय तथा धार्मिक स्थलहरुको प्रचार प्रसार हुने , उपेक्षा गरिएका र संरक्षण विहिन धार्मिक तथा सांस्कृतिक स्थलहरु को खोजी गर्ने र संरक्षण गर्ने कार्यमा स्थानीय समुदाय र सरोकारवालाहरु लागि परेका छन् ती कुराहरुलाई आफ्नो सम्पत्तिको रुपमा लिने कार्य अघि बढेको पाइन्छ । समग्रमा घरबास व्यावसायले धार्मिक तथा सांस्कृतिक पक्षमा सकारात्मक प्रभाव पारेको पाइन्छ ।

## ४.१.१४ घरबासले पारेको आर्थिक प्रभाव

घरबास व्यावसाय एक ग्रामीण पर्यटन व्यावसाय भएको कारण यस व्यावसायले आर्थिक क्षेत्रमा प्रभाव पारेको पाइन्छ । यस कार्यक्रमको मुल उद्वेश्य गाम्रीण क्षेत्रमा भएको अर्थ बाहिर नजाओस, त्यहाँ भएका स्रोत साधनहरु प्रयोग गरेर स्थानीय स्तरमा नै स्वरोजगार भई आर्थिक आर्जन गर्ने भन्ने हो । घरबास व्यावसायको माध्यमबाट स्थानीय स्तरमा भएको भौतिक तथा अभौतिक वस्तुहरु लाई प्रयोग गरेर आर्थिक आर्जन गराउन मद्वत गरेको पाइन्छ । यस व्यावसाय को माध्यमबाट ग्रमीण क्षेत्रमा उत्पादित कृषिजन्य पदार्थको उपयोग भएको,विगतमा कुहिएर जाने विना मुल्यको खाद्यय पदार्थले मुल्य पाएको, दुई पैसा भएपनी आर्थिक आम्दानी भएको पाएन्छ । यस घरबास व्यावसायबाट घरमै बसी,बसी पैसा कमाउन सकिने । आफनो कला संस्कृति देखाएर पनि विदेशी मुद्रा आर्जन र आम्दानी गर्न सकिने र आम्दानीको केही भाग सामुहिक बचत गरी सामुहिक कार्यमा खर्च गर्न सकिने पाइएको छ । यस घरबास व्यावसायको माध्यमबाट सरकारी सहयोग पनि प्राप्त गर्न सकिने,उक्त प्राप्त रकमलाई विकासका कार्यमा खर्च गर्न सकिने पाइएको छ । पर्यटकहरुको आगमनले केही आय आर्जन हुने, र रोजगारीको अवसरहरु पनि सृजना हुने भएकोले ग्रामीण क्षेत्रको विकासमा महत्वपुर्ण भुमिका खेल्दछ । आफनो मुख्य पेशालाई निरन्तरता दिदै घरबास व्यावसायलाई आर्थिक उर्पाजन गर्ने सहायक माध्यमको रुपमा लिन सकिने यस कारण घरबास व्यावसायले आर्थिक क्षेत्रमा महत्वपुर्ण र सकारात्मक प्रभाव पारेको देखिन्छ ।

तालिका ४.९

घरबास व्यावसायमा भएको मासिक आम्दानी

| क.स. | रकम रु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १००० सम्म | ५ | २५ |
| २ | १०००-५००० सम्म | ६ | ३० |
| ३ | ५०००-१०००० सम्म | ५ | २५ |
| ४ | १००००-१५०००० सम्म | ४ | २० |
| | जम्मा | २० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका ४.१०

घरबास व्यावसायमा भएको मासिक खर्च

| क.स. | रकम रु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५०० सम्म | ५ | २५ |
| २ | ५००-१००० सम्म | ६ | ३० |
| ३ | १०००-५००० सम्म | ५ | २५ |
| ४ | ५०००-१०००० सम्म | ४ | २० |
| | जम्मा | २० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७५

तालिका ४.९ र ४.१० को अनुसार  यहाँ मासिक आम्दानी र खर्च लाई देखाइएको छ । खर्च भन्दा आम्दानी अली बढी देखिएको छ । यसको आधारमा कुनै पनि व्यावसायमा लगानी गरेबापत नाफा प्राप्त हुन्छ भन्ने देखिन्छ । यस घरबास व्यावसायमा पनि लगानी गरेबापत नाफा प्राप्त हुने देखियो ।

## ४.१.१५ इलाममा घरबासको सम्भावना र चुनौती

नेपाल बहुजाती बहुधार्मिक र बहुसांस्कृतिक बिशेषता बोकेको प्रकृतिको अनुपम उपहारको रुपमा परिचीत एक देशको रुपमा चिनिन्छ । प्राकृतिक सुन्दरता बोकेको देश पर्यटनको प्रचुर सम्भावना बोकेको देश, यहाँका विभिन्न प्राकुतिक सम्पदाहरु विश्वमा नपाइने रहेको छ । समग्र नेपालको सन्दर्भमा भन्नुपर्दा विश्मा एक सुन्दर देशको नामले नेपाल चिनिन्छ । पर्यटकीय हिसाबले

त विश्वमा नेपालको नाम अगाडी आउछ । नेपाल हरेक हिसाबले पर्यटनको सम्भावना बोकेको देश हो, भनेर भन्न सकिन्छ ।

समग्र देश मात्र नभएर नेपालका प्रत्येक जिल्ला पर्यटकीय सम्भावनाले युक्त छन् । प्रत्येक जिल्लाले आ–आफनै विशेषता बोकेको छ कही पहाड, कही तराई, कही हिमाल विविधताले युक्त छ । त्यसमा पनि इलाम जिल्ला पहाडी जिल्ला हो इलाम । इलामलाई पूर्वको रानी नामले समेत चिनिन्छ । इलाम जिल्ला पनि पर्यटनको प्रचुर सम्भावना बोकेको जिल्ला हो । इलाम जिल्लाका जनताको जीवनस्तर पर्यटन उद्योगको माध्यमबाट उकास्न सकिने कुरा निर्विवाद छ । पर्यटनको दृष्टिकोणले अति उत्तम मानिने सन्दकपुर, छिन्तापु, अन्तु, माईपोखरी जस्ता पर्यटकीय क्षेत्रहरुलाई एकीकृत रुपले विकास गर्न सक्ने हो भने यसले सदरमुकाम र वरिपरिको क्षेत्र लाई सकारात्मक प्रभाव पार्न सक्ने भएकाले पर्यटन क्षेत्रको रुपमा इलामको विकास गर्न प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । अहिलेको बदलिदो समयमा मानिसहरु सुन्दर, शान्त रमणीय वातावरणमा रमाउन चाहन्छन् । यसको लागि विभिन्न देशहरुबाट मानिसहरु नेपालको हरियाली सुन्दर दृश्य र सफा स्वच्छ हावापानी अनी शान्तिपुर्ण वातावरणमा रमाउन पर्यटकहरु नेपाल आउने गर्दछन् । नेपालमा पनि नेपालको शहरहरु मा भन्दा ग्रामीण क्षेत्रमा पर्यटकहरु बस्न रुचाउने गर्दछन् । त्यसकारण ग्रामीण पर्यटनलाई उजागर गनुपर्ने आवश्यक देखिन्छ ।

ग्रामीण पर्यटनको सम्भावना प्रचुर मात्रमा रहेको छ । बजार र घरबाट अली टाढा तर घर जस्तै वातावरणमा रमाउनको लागि घरबासको चलन वर्तमान समयमा चलेको पाइन्छ । विभिन्न ठाउँको नागरिकहरुको सभ्यता, संस्कृति, परम्परा, भेषभुषा, अवलोकन गर्न र विरानो ठाउँको इतिहास र सभ्यता थाहा पाउन, विश्वका प्रसिद्व हिमशिखरहरुको सफल आरोहण गर्न र हिमाली यात्राको मनोञ्जन लिन् पर्यटकहरु आउने गर्दछन् । त्यसैगरी प्राकृतिक सुन्दरता दुर्लभ पशुपंक्षी र वनस्पतीहरुको दृश्यावलोकन गरी मनोरञ्जन लिन् जैविक विविधताका विविध पक्षमा अध्ययन, अनुसन्धान तथा अवलोकन गर्न भौगोलिक प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, कुराहरुको शोध, अनुसन्धान र अवलोकन गर्न आउछन् । साथै सांस्कृतिक विविधता तथा कुनै जाती विशेषको भाषा, धर्म, संस्कृति मानवीय कियाकलापहरुको अध्ययन, अनुसन्धान अवलोकन गर्न, धार्मिक क्षेत्रको अवलोकन, धार्मिक पुजा र तीर्थाटन गर्न, अद्यौगिक, शैक्षिक, कृषि, भौतिक, पुर्वाधार, उर्जा विकास जस्ता कुराहरुको अध्ययन अवलोकन गर्न र विविध औद्योगिक, शैक्षिक, व्यापारिक क्रियाकलापमा सहभागी हुन् नेपालका परम्परागत घरहरु हेर्न, कला संस्कृतिहरुको अवलोकन गर्न पर्यटकहरु नेपाल आउदछन् यस्तो अवस्थामा पर्यटकहरु होटल भन्दा घरबास मा बस्न रुचाउछन् त्यसकारण घरबासको सम्भावना प्रचुर मात्रमा रहेको पाइन्छ ।

यति धेरै घरबासको सम्भावनाहरु हुँदा पनि यसको विकास गर्नु नसक्नु को पछाडी केही चुनौतीहरु रहेका छन् । जुन निम्न छन्-

- पर्यटन प्रवर्द्धनको लागि नयाँ गन्तव्यको खोजी,पूर्वाधार विकास र त्यसको बजारीकरण हुन् नसक्नु ।
- निजी तथा सार्वजनिक क्षेत्रको सहकार्यको संयोजन हुन् नसक्नु ।
- मुलुकको आर्थिक विकास र त्यसको समानुपातिक वितरण प्रणाली लाई धेरै हदसम्म पुर्ति गर्ने क्षेत्र पर्यटन त्यसमा पनि ग्रामीण वा स्थानीय पर्यटन हो भन्ने बुझ्न नसक्नु ।
- नयाँ प्याकेज र आकर्षक कार्यक्रमहरु तय गर्न नसक्नु ।
- पर्यटकीय ठाउँलाई सजाउदै उक्त ठाउँ सम्म पुग्नेगरी भौतिक पुर्वाधारको विकास गर्न नसक्नु ।
- पर्यटन सँग सम्बद्ध संघसंस्था जिम्मेवार व्याक्तिले पर्यटन आगमनबाट कसरी स्थानीय समुदाय, गाउँ नगरपालिका र सिँगो मुलुकले फाइदा लिन सक्छ भनेर ध्यान पुरयाउन नसकिरहेको ।
- पर्यटनको लाभ तल्लो वर्गसम्म कसरी पुचाउने र त्यसबाट गरिबी निवारणमा प्रभावकारी भुमिका कसरी खेल्ने भन्ने विषयमा ध्यान पुचाई पर्यटन क्षेत्रको विविधिकरण र विस्तारदुारा रोजगारीको सिर्जना सँगै जनताको जीवनस्तर सुधार गर्ने कार्यमा लाग्न नसक्नु ।

## ४.१.१६ वैयत्तिक अध्ययन

अध्ययन क्षेत्रमा तयार गरिएको २ जना महिलाहरुको वैयत्तिक अध्ययनलाई यहाँ प्रस्तुत गरिएको छ :

### (क) कौशिला लिम्बुको वैयत्तिक अध्ययन

यस बालनगाउँ सामुदायिक घरबास सञ्चालक समितीको सचिव तथा घरबास व्यावसाय सञ्चालन गरिरहनु भएको उहाँ स्थापनाकालदेखी यस व्यावसायमा निरन्तर रुपमा लागिरहनु भएको छ । उहाँको अनुसार सुरुमा अली गाह्रो परेको अन्य पेशा गरिरहेकोलाई यो पेशा नौलो भएको र बुझ्नलाई अली समय लागेको, उहाँ एक विद्यार्थी पनि हो । बी. ए. सम्म को अध्ययन पुरा गरी बेरोजगार भएर घरमै बसी रहेको समयमा २०७२ सालमा इलाम उद्योग वाणिज्य संघ मार्फत एक जिल्ला एक उत्पादन कार्यक्रम अन्तर्गत इलामको इ.न.पा ६ बालनगाउँमा कृषि

पर्यटन अन्तर्गत सामुदायिक घरबास सञ्चालन गर्ने भन्ने आएको प्रस्तावलाई स्वीकार गरी नेपाल सरकार कृषि उद्यम केन्द्रको आर्थिक लगानीमा सामुदायिक घरबास स्थापना गरियो र हाल सञ्चालनमा छ । स्थापनाको समयमा घरबासलाई आवश्यक पर्ने आधारभुत तालिम लिएर घर कोठा भित्र आवश्यक पर्ने संरचनाको तयार गरी केही भौतिक संरचनाहरु निर्माण गरी २०७२ सालमा उद्याग वाणिज्य महासंघका अध्यक्ष को उपस्थ्तीमा औपचारिक रुपमा उदघाटन गरी सञ्चालनमा ल्याएको र हाल पनि सञ्चालनमा रहेको छ ।

उहाँलाई घरबास व्यावसायको बारेमा यसको समाजमा के कस्तो प्रभाव परेको छ भन्ने प्रश्नमा, यो एक ग्रामीण पर्यटन व्यावसाय भएको कारण यसले समाजमा सामाजिक, आर्थिक, सांस्कृतिक, सम्पुर्ण पक्षमा प्रभाव पारेको बताउनु भयो । यस व्यावसाय सञ्चालन हुन् थालेपछी बेरोजगार युवाहरुले आफु व्यास्त हुने माध्यम पाएको,सामाजिक कार्यमा एकता बढेको, समाजमा सरसफाई, शान्ति सुरक्षामा सुधार आएको, पाहुनाको आवात जावतको कारण समुदायमा सामाजिक विकृतिमा नियन्त्रण आएको, स्थानीय उत्पादन फलफुल र सागसब्जीले पैसा साटेको घरमा फलेको बजारमा लगेर बेच्न नपरेको र आफुले पाहुनाको स्वागत र विदाई गर्ने बानीको विकास भएको, आफनो लिम्बु कला संस्कृति धान नाच र च्याब्रुङ नाच पाहुनालाई देखाउने भएकाले संस्कृतिको जगेर्ना भएको बताउनु भयो । यस व्यावसायले सब्जी खेती गर्न सिकाएको, लोकल कुखुरा पालन त्यसैगरी माछापालन गर्न सिकाएको, घर घरमा फूल रोप्ने कार्यक्रम पनि लागु भएको, देश विदेशको मान्छेहरुसँग चिनजान, भेटघाट, अन्तरक्रिया भएको, नेपालको विभिन्न जिल्लाहरु को भ्रमण गर्न पाएको धेरै कुरा सिक्न र देख्न पाएको बताउनु भयो । अन्य ठाउँको भन्दा यस घरबासमा अली कम पाहुना आउको, सम्पुर्ण सञ्चालकहरु पुर्ण रुपमा घरबास व्यावसायी भई नसकेको बताउनु भयो । त्यसकारण यस व्यावसायलाई सफल बनाउन के गर्दा पाहुनाको आगमन बढ्छ भन्ने कुरामा सम्बन्धित पक्ष सम्पुर्णको ध्यान केन्द्रित हुन् जरुरी देखिन्छ ।

**(ख) उमादेवी श्रेष्ठको वैयक्तिक अध्ययन**

उमादेवी श्रेष्ठ उक्त समुदायको एक कृषक महिला हो । उहाँ पनि यस घरबास व्यावसायमा आवद्व हुनु भएको १ वर्ष भयो । यस अवधीमा घरबासले कस्तो प्रभाव पारेको छ भन्ने प्रश्नमा उहाँ यसो भन्नु हुन्छ, घरबास व्यावसाय कृषि भन्दा राम्रो र सजिलो व्यावसाय हो । यस व्यावसायमा लागेपछि धेरै परिवर्तन भएको छ । यस ठाउँको नाम चलेको छ,घरपरिवार साथै समुदायमा सरसफाई बढेको छ । खेतीपातीको काम सँगै अतिरिक्त समयमा पाहुना राख्दा अतिरिक्त आर्थिक आर्जन भएको, कृषि पेशा सँगै घरबास व्यावसाय गर्न पाएको, धेरै जसो महिलाहरु घरमा बस्ने भएको कारण घरमै बस्ने महिलाहरुलाई काम मिलेको, साथै दुई पैसा

आर्जन गर्ने मौका मिलेको, विभिन्न पर्यटन सम्बन्धि तालिम पाएको, खानाको परिकार बनाउने तालिम पाएको, घर सजावट गर्ने लगायत घर घरमा फुलबारी बनाएर फुल रोप्ने प्रचलन बढेको छ । नेवारी पहिरन र संस्कृतिको प्रयोग सुरु भएको छ ।

आफु कृषि पेशामा मात्र संलग्न रहेको थियो, अहिले कृषि सँगै यो पेशामा पनि आबद्व भएको यस व्यावसायले समाजमा धेरै परिवर्तन भएको छ । व्यावसायिक अवधारणाको विकास भएको नयाँ नयाँ ठाउँको मानिसहरुसँग भेटघाट र चिनजान भएको । विभिन्न सीपमुलक कृषि सम्बन्धि तालिम पाएको, हरेक सागसब्जी फलफुलको प्रयोग भएको त्यसबापत पैसा कमाएको तर घरबासमा पाहुनाहरु थोरै आउने भएकाले कृषि छोडेर पुरै घरबास व्यावसायमा लाग्न नसकेको,अन्य ठाउँको घरबासमा पाहुना आए जती बालनगाउँ घरबासमा आएको भए यस घरबासको विकास छिटो हुने थियो तर जती पाहुना आउनु पर्ने हो त्यती आउन सकेको छैन् भन्नु हुन्छ । त्यसकारण बालनगाउँ सामुदायिक घरबासमा पाहुनाको आगमन बढाउने कार्यमा लाग्न सम्बन्धित सम्पुर्णमा जरुरी देखिन्छ ।

# अध्याय पाँच

# सांराश, निष्कर्ष र सुझाव

## ५.१ अध्ययनको सारांश

संसारको कुल भु-भागको ०.०३ प्रतिशत क्षेत्रफल ओगटेको एशिया महादेश भित्रको सानो भु-परिवेष्ठित मुलुकको रुपमा रहेको नेपालमा विभिन्न प्रकारका जात-जाती,भाषा भाषी र धर्म संस्कृतिको संगम थलोको रुपमा चिनिन्छ । जातीगत रुपमा सय भन्दा बढी जात-जातीहरुको बसोबास रहेको छ । भौगोलिक विविधता सँगै जात जातीहरुको आ-आफ्नै खालको सामाजिक,सांस्कृतिक,विविधता पनि छ । प्राकृतिक रुपमा पहाडी क्षेत्रमा रहेका विभिन्न मनोरम स्थलहरु जस्तैः खोला नाला तालतलैया छहरा हिमाली लेक,हिम नदी आदि आकर्षणका केन्द्र हुन् । त्यस्तै धार्मिक दृष्टिकोणबाट विभिन्न प्रकारका तीर्थस्थलहरु र यहाँका महत्वपुर्ण धार्मिक स्थलहरु पनि रहेका छन् । यी विविधताका बीच एकता रहेको मुलुकमा स्रोत र साधन पर्याप्त हुदा-हुदै पनि विश्व सामु अल्पविकसित राष्ट्रको रुपमा चिनिन्छ । राजनितिक नेतृत्वमा रहेको परम्परागत चिन्तनको कारणले राष्ट्रको विकास हुन् सकेको छैन् । स्रोत र साधन पर्याप्त मात्राम हुदा हुँदै पनि यसको सही परिचालन हुन् सकेको छैन् । आज पर्यटन उद्योग विश्वकै सबैभन्दा महत्वपुर्ण उद्योगको रुपमा स्थापित भई सकेको अवस्थामा नेपाल जस्तो पर्यटकीय क्षेत्रले भरि भराउ भएको देशमा यसको समुचित सदुपयोग गरी यस क्षेत्रको विकास गर्न धेरै नै सान्दर्भिक हुनेछ । विदेशी मुद्रा आर्जन, रोजगारीको अवसरमा वृद्धि, घरेलु उद्योगको विकास,ग्रामीण क्षेत्रमा उत्पादित वस्तुहरुको उचित मुल्य प्राप्त,यातायातको विकास,आय आर्जन क्षमतामा वृद्धि, चेतना अभिवृद्धि तथा नेपालको महत्व राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा हुने जस्ता सकारात्मक पक्षहरु पर्यटन उद्योगको विकासमा रहेकोले नेपालमा यस उद्योगको विकास गर्नु अति आवश्यक ठानिएको छ ।

पर्यटन व्यावसाय सञ्चालन गर्न नेपालमा रहेको स्रोत र सम्पदालाई राम्ररी लेखाजोखा गर्नुको साथै नयाँ गन्तव्य को पनि प्रवर्द्धन गर्नु अति जरुरी छ । पर्यटनमा वास्तविकता चाहिन्छ, समर्पण चाहिन्छ र निरन्तरता चाहिन्छ । यसलाई सबै क्षेत्रले उत्तिकै रुपमा अगाडी बढाउनु पर्ने जरुरी देखिन्छ । पर्यटन उद्योग एउटा यस्तो क्षेत्र हो, जसको विकासले व्यापारी देखी किसान सबैलाई फाइदा पुग्दछ । नेपालले ग्रामीण पर्यटन प्रवर्द्धनमा जोड दिँदा यसबाट धेरै क्षेत्रले सकारात्मक उपलब्धि हासिल गर्न सक्दछ । त्यसैले यस अध्ययन पनि ग्रामीण पर्यटन व्यावसाय सँग सम्बद्व रहेर गरिएको छ । इलाम नगरपालिका वार्ड नः ६ मा अवस्थित बालनगाउँ

सामुदायिक घरबासको अध्ययन गरिएको छ । अध्ययनमा बालनगाउँ सामुदायिक घरबासले समाजमा पारेको प्रभाव कस्तो छ? भन्ने बारेमा अनुसन्धान गरिएको छ ।

यस अध्ययनबाट सामुदायिक घरबासको सामाजिक,आर्थिक,सांस्कृतिक,प्रभाव समाजमा सकारात्मक रुपमा रहेको देखिन्छ । घरबास व्यावसायले केही न केही परिवर्तन ल्याएको देख्न सकिन्छ । तर व्यावस्थित रुपमा सञ्चालन गर्न नसक्दा जति हुनु पर्ने हो त्यती फाइदा लिन सकिएको छैन् । यहाँका सर्वसाधारण जनतालाई ग्रामीण पर्यटनको बारेमा ज्ञान नभएको कारण ग्रामीण पर्यटन व्यावसाय ओझेलमा परेको देखिन्छ । पर्यटनको ज्ञान नभएको कारण भएका स्रोत साधनको पनि उचित सदुपयोग हुन् सकिरहेको छैन् । पर्यटन व्यावसाय सञ्चालन गर्नको लागि आधारभुत कुराहरु आवश्यक हुन्छन् जस्तै घरबास व्यावसाय सञ्चालनको लागि ग्रामीण समुदायलाई उचित मानिन्छ । जहाँ प्रकृतिक सौन्दर्य तथा सांस्कृतिक हिसाबले उपयुक्त क्षेत्र हुनु पर्छ । इलाममा घरबासको सम्भावना प्रसस्त मात्रमा हुदा पनि यसको सहि पहिचान हुन् सकिरहेको छैन् । स्रोत सम्पदाको उचित परिचालन हुन् नसकिरहेको अवस्था छ । यस अध्ययन बाट व्यावसायको अवस्था र प्रभाव समाजमा सहज रुपमा पाउन सकिन्छ । यस व्यावसाय बाट समाजमा सकारात्मक साथै नकारात्मक प्रभावहरु देख्न सकिन्छ । घरबास व्यावसायले समाजमा सामाजिक,सांस्कृतिक,साथै आर्थिक परिवर्तन देख्न सकिन्छ । समाजका महिलाहरु व्यावसायी बन्न सुरु गरेको र समुहमा सामुहिक रुपमा काम गर्नुपर्ने भएकोले सामाजिक एकता बढेको पाइन्छ । त्यस्तै पुरुषहरुमा पनि परिवर्तन आएको देखिन्छ । सामाजिक काममा अगाडी बढ्ने घर आगन सफा राख्ने,फुबारी करेसाबारी निर्माण गर्ने फुल रोप्ने जस्ता कार्यमा अगाडी बढेको पाइन्छ । त्यसैगरी घरको काममा श्रीमती,दिदि, बहिनीलाई सहयोग गर्ने गरेको पाइन्छ । यी सम्पुर्ण परिवर्तनहरुको कारण आर्थिक आर्जन गर्नु नै प्रमुख हो । त्यस्तै यस व्यावसायमा विशेष गरी युवाहरुको बढी संलग्नता रहेको पाइयो यसको कारण बेरोजगारी समस्याको कारण हुन सक्छ । साथै यसमा जनजाती समुदायको संलग्नता रहेको पाइयो ,यो व्यावसाय चल्नलाई एउटा छुट्टै प्रकारको कला र संस्कृतिको महत्वपुर्ण भुमिका रहन्छ । त्यसैगरी यस व्यावसायमा स्थानीय उत्पादन र अर्गानिक वस्तुहरुको प्रयोग गरेको पाइयो, घरबास चलाउनको लागि शहर बजार भन्दा केही टाढा सकेसम्म पैदल जान सकिने ठाउँ हुनु पर्दछ । घरबाट अली टाढा तर घर जस्तै महसुष हुने स्थान र वातावरण हुनुपर्छ । यस बालनगाउँ सामुदायिक घरबासमा पनि यी र यस्ता किसिमका विशेषता रहेको पाइयो । यस्ता सकारात्मक परिवर्तनको साथै केही नकारात्मक परिवर्तनहरु पनि देख्न सकिन्छ । यस व्यावसाय सञ्चालन गरेपछी समुदायमा हो-हल्ला हुने गर्दछ । पाहुनाहरु रमाइलो गर्ने उद्वेश्यले आउने हुँदा नाचगान गर्ने पेयपदार्थ पिउने मनोरञ्जन गर्ने हुँदा छिमेकी लाई अशान्ति हुने देखिन्छ । यस्ता समस्याको समाधान गर्न र घरबासलाई कसरी उपयुक्त

हिसाबले सञ्चालन गर्न सकिन्छ भन्ने कुरालाई मध्यनजर गर्दै ऐन,निती,नियम,बनाएर सञ्चालनमा ल्याउने र सरकारी तवरले राज्यबाट सहयोग र अनुगमन गरी सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ ।

## ५.२ निष्कर्ष

नेपालका हरेक विकासहरु शहरकेन्द्रित रहेका छन् । त्यसैले शहरी क्षेत्र मा धेरै विकास भएको पाइन्छ । देशका विभिन्न सामाजिक,आर्थिक,सांस्कृतिक लगायत पर्यटनको क्षेत्रमा ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रलाई महत्व दिएर विकास गर्दै आएको पाइन्छ । तैपनी समयको परिवर्तन सँगै ग्रामीण पर्यटनको सवालहरु पनि उठेको पाइन्छ । यी विषय ग्रामीण पर्यटनको क्षेत्रमा देखिएका महत्वपुर्ण उपलब्धि हुन् । आज पनि हाम्रो समाजमा शहरलाई एउटा मुटुको रुपमा लिएर विकास गरेको पाइन्छ । भने ग्रामीण क्षेत्र लाई बाहिरी शरिरको रुपमा हेरिन्छ । हाल आएर पर्यटन क्षेत्रको विषयलाई लिएर अली ग्रामीण क्षेत्रको पर्यटन सम्बन्धि सवाल उठेको पाइन्छ । आज भोली ग्रामीण पर्यटनलाई उजागर गर्नुपर्ने भनाइहरु आउन थालेका छन् । र ग्रामीण पर्यटनलाई महत्व दिन थालिएको छ । पर्यटनका लागि आवश्यकीय तत्वहरु ग्रामीण क्षेत्रमा नै रहेकोले गर्दा ग्रामीण पर्यटनलाई विकास गर्नुपर्ने देखिन्छ । ग्रामीण क्षेत्रमा रहेका पर्यटकीय स्रोत सम्पदाहरुलाई खोज अनुसन्धान नगर्नुका कारण पनि ग्रामीण पर्यटनलाई उजागर गर्न घरबास कार्यक्रमहरु सञ्चालनमा आउन थालेका छन् । तर घरबासलाई व्यवस्थित गराउन सकिएको छैन् । धमाधम घरबासहरु स्थापना हुने र सञ्चालन हुने कार्यक्रम जारी छ तर घरबास के हो ? यो कसरी सञ्चालन गरिन्छ ? भन्ने विषयमा स्पष्ट नभएको पाइन्छ । घरबासमा परम्परागतता झल्कनुपर्छ तर धेरै जसो घरबास यस्तो पाइन्दैन् धेरै आधुनिकताले प्रभाव पारेको पाइन्छ । त्यसकारण घरबास आचारसंहिता बनाई घरबास सञ्चालकहरुलाई पालना गर्न लगाउनु पर्ने देखिन्छ ,यसो गरिएन भने घरबासको अवधारणा विपरित हुन्छ । त्यसै गरी समग्र पर्यटन क्षेत्रको विकास गर्ने हो भने ग्रामीण पर्यटनमा लगानी गर्नुपर्छ, पर्यटकहरुलाई आकर्षण गर्ने वस्तुहरु ग्रामीण क्षेत्रमा नै रहेको हुन्छ । अध्ययन क्षेत्रका घरबास सञ्चालकहरु को आधारमा पाहुनाहरु त्यती धेरै नआएको पाइयो । यसको कारण घरबास स्थापना गरेर मात्र हुँदैन् त्यसलाई निरन्तर रुपमा सञ्चालनमा आउनको लागि धेरै कुराहरुको आवश्यकता पर्छ । एक त पर्यटक आकर्षण गर्ने मुख्य माध्यम हुनुपर्छ । त्यस्तै सरोकारवाला निकायहरु बाट त्यस क्षेत्रप्रती ध्यान जानु पर्छ किनभने जति आउनुपर्ने,जति पर्यटक आउदैनन् त्यस विषयमा स्थानीय बासी र सरोकारवाला निकाय दुवै पक्षबाट मुल्याङकन हुन् जरुरी हुन्छ । घरबासको सफल रुपले सञ्चालन भयो भने पर्यटन क्षेत्रको विकासमा टेवा पुग्दछ । उक्त पर्यटन क्षेत्रको विकास नै समग्र इलामको विकास हो र एउटा जिल्लाको विकास नै देश विकासको बलियो आधार हो,भनेर बुझ्न सकेको खण्डमा मात्र नेपालको

पर्यटन क्षेत्रको विकास संभव छ । तसर्थ अध्ययन क्षेत्रका घरबास सञ्चालकहरु लाई बेला बेलामा तालिम र उक्त घरबास सञ्चालनमा कता के अप्ठयारा छन् ती विषयमा सम्बन्धित निकायले हेरी दिएको खण्डमा उक्त घरबासलाई सञ्चालन गर्न सहज हुने देखिन्छ ।

त्यस्तै बालनगाउँ सामुदायिक घरबास पनि इलाम जिल्लाको पर्यटन क्षेत्र सँग जोडिएको पर्यटकीय क्षेत्र हो । यहाँ घरबास स्थापना भएर सञ्चालनमा आएको छ, यहाँ घरबास सञ्चालन हुन सक्ने प्रशस्त आधारहरु छन्, परम्परागत बस्ती, छुट्टै संस्कार र संस्कृति भएको लिम्बु र नेवार जाती, स्थानीय र अर्गानिक उत्पादन जस्तै खाद्यय बालीमा कोदो, मकै, धान, गहुँ, तरकारीहरु, फलफुलहरु, दुध, घ्यु ,लोकल कुखुराको मासु, माछा, शहर बजारबाट अली टाढा, सफा र शान्त वातावरण, बाटोको सहज पहुच, सञ्चार को सुविधा, सुरक्षाको राम्रो प्रवन्ध, सामुदायिक भवन यी र यस्ता धेरै सेवा सुविधाहरु उपलब्ध छन्  यहाँ बाट सेती देवी र भालुढुङगाा पनि नजिकै पर्छ, तर  पनि यस घरबास त्यती धेरै राम्रो रुपमा सञ्चालन हुन् सकेको छैन् यसको पछाडी विविध कारणहरु हुन् सक्छन् । जस्तै उक्त क्षेत्रको लागि यो विषय नौलो हुन् सक्छ र सञ्चालनमा कठिनाइहरु हुन् सक्छन् । पाहुनाहरु भनेजति नआएको हुन् सक्छ । किन यस घरबासको सञ्चालन राम्ररी हुन सकेको छैन् यसको बारेमा अध्ययन हुन् जरुरी देखिन्छ ।

यस बालनगाउँ सामुदायिक घरबासको अध्ययन पछी यो निष्कर्षमा पुग्न सकिन्छ की, जे जती सञ्चालन हुन् सकेको छ, जस्तो अवस्थामा रहेको भएपनी यस घरबासले समाजमा सकारात्मक प्रभाव पारेको पाइन्छ । त्यस्तै आर्थिक क्षेत्रमा पनि केही न केही आय आर्जन भएको पाइन्छ । त्यसैगरी सांस्कृतिक पक्षमा पनि सकारात्मक परिवर्तन भएको पाइन्छ । यस ठाउँको पहिचान भएको छ, चिनाउने एउटा माध्यम बनेको छ । ग्रामीण पर्यटनको उजागर भएको , समाजमा केही नयाँ परिवर्तनहरु भएका छन् । परम्परागत कृषि पेशामा आवद्ध त्यहाँका स्थानीयहरुलाई नयाँ व्यावसाय ग्रामीण पर्यटनको अवधारणाको सुरुवात भएको छ । यस विषयको अध्ययन र अनुसन्धानको आधारमा यस बालनगाउँ सामुदायिक घरबासले उक्त क्षेत्रमा सकारात्मक प्रभाव पारेको देखिन्छ । घरबासको माध्यमबाट भौतिक विकासहरु भएको पाइन्छ । त्यसैगरी आय आर्जनमा पनि सहायक बनेको त्यस्तै महिला सशक्तिकरण पनि भएको छ । यस व्यावसायमा महिला १३ जना आबद्ध छन् भने पुरुष ७ जना मात्र छन् । जम्मा संख्या २० जना त्यसमा ६५% महिला सहभागिता देखिन्छ भने पुरुष ३५% देखिन्छ । त्यस्तै जातीगत हिसाबले हेर्दा लिम्बु र नेवार दुई जातीको मात्र बसोबास रहेको समाजमा समानुपातिक समावेशी भएको पाइन्छ । जम्मा २० जना सञ्चालक रहेकोमा १० घर नेवार जाती र १० घर लिम्बु जाती ५०% नेवार र ५०% लिम्बु यस आधारमा पनि भन्न सकिन्छ कि घरबास व्यावसायको माध्यमबाट समाजमा

सामाजिक वा जातीगत एकता रहेको पाइन्छ। यस व्यावसायले समाजमा के कस्तो सुधार आएको छ भन्ने सन्दर्भमा ८५% ले सकारात्मक सुधार आएको बताएका छन्। यस घरबासमा धेरै जसो स्थानीय खाद्यय पदार्थ ९०% स्थानीय प्रयोगमा ल्याइने पाइएको छ। जसको आधारमा घरबास व्यावसायको माध्यमबाट स्थानीय उत्पादनहरु प्रयोगमा आएको पाइएको छ। विगतमा कुहिएर नास हुने उत्पादनहरुले बजार र मुल्य पाएको छ। त्यसैगरी घरबास व्यावसायमा संलग्न २० जनाको जम्मा संख्यामा ८५% को मुख्य पेशा कृषि रहेको छ। त्यती धेरै पर्यटक नआउने हुदा घरबास व्यावसायलाई मौसमी खेतीको रुपमा लिइएको पाइएको छ। मुख्य पेशालाई निरन्तरता दिदै अत्तिरिक्त समयमा यो व्यावसाय गर्न सक्ने बताएको पाइयो। जस्को आधारमा भन्न सकिन्छ कि यो व्यावसायलाई सदाबहार खेती अथवा मुख्य पेशा बनाउन पाए यस घरबास व्यावसायको विकास हुने थियो। अध्ययनको सम्पुर्ण पक्षको आधारमा यो निष्कर्ष निकाल्न सकिन्छ कि, बालनगाउँ सामुदायिक घरबासको को अवस्था त्यती राम्रो छैन् जती आउनु पर्ने त्यती पर्यटक नआएको,त्यती राम्ररी चल्न नसकेको पाइयो। यस घरबासलाई सरोकारवाला पक्षहरुले त्यतयो ध्यान नदिएको पाइयो। एउटा नगर क्षेत्रको पर्यटकीय स्थल भएकोले यसलाई जीवन्त राख्न र निरन्तर सञ्चालनमा ल्याउन, यस क्षेत्रका सम्पुर्ण स्थानीयवासी, नगरवासी र जिल्लावासी, राजनितिक दल, संघ संस्था,सरोकारवाला सम्पुर्णले यसको विकास संरक्षण र सम्वर्द्धनमा ध्यान दिएको खण्डमा यसको भविष्य राम्रो रहेको साथै यसले इलामको समग्र पर्यटन क्षेत्रको पक्षमा एउटा आधार तयार पार्नेछ भन्ने कुरामा दुईमत नहोला भनेर भन्न सकिन्छ भन्ने अध्ययनको निष्कर्ष रहेको छ।

## ५.३ सुझावहरु

अध्ययन क्षेत्रका व्यावसायीहरु सँग गरिएको अनुसन्धानका आधारमा यस क्षेत्रमा सञ्चालन भएको घरबास त्यती प्रभावकारी रुपमा नचलेको, घरबासमा पाहुना कम आउने गरेको पाइयो। जुन अवस्थाले समग्र ग्रामीण तहमा सञ्चालन गरिएको घरबासको स्थितीको बारेमा प्रतिनिधित्व गर्दछ।सदरमुकाम बाट नजिकैको घरबासको स्थिती यस्तो छ भने सदरमुकाम भन्दा टाढाका घरबासहरुको अवस्था कस्तो होला? भन्ने अनुमान गर्न सकिन्छ। मानिस आजको समयमा सुविधाभोगी भइसकेको पाइन्छ। यस घरबासमा पर्यटकले चाहेजती आकर्षणका माध्यमहरु नहुन सक्छ। त्यसैले यस क्षेत्रमा सञ्चालित घरबासको वास्तविक समस्यालाई निराकरण गर्नको लागि यस अनुसन्धान बाट निम्न बमोजिमका सल्लाह सुझावहरुलाई आत्मसाथ गरिएको छ :

- समय-समयमा पर्यटन र घरबास सम्बन्धी पुनः ताजगी तालिमहरु तथा गोष्ठीहरु सञ्चालन गरिनुपर्ने ।
- पर्यटन सम्बन्धी विभिन्न किसिमको सीपमुलक तालिमहरुमा मा घरबास व्यावसायीहरुको सहभागिता बढाउनुपर्ने ।
- स्थानीय स्तरमा उत्पादित कृषि उपजहरुलाई बजार सँग समन्वय गराइनु पर्छ ।
- स्थानीय स्रोत साधनहरुको प्रयोग गरी हस्तकलाका सामान निर्माण गर्ने सीपलाई प्रोत्साहन गर्न सम्बन्धीत निकायले आर्थिक तथा प्राविधिक सहयोग गरिनुपर्छ ।
- संस्कार संस्कृतिलाई जीवन्त राख्न र जातीय नृत्यहरुलाई उजागर गर्न युवा पिँढीलाई अभ्यास गराउनुका लागि र पोख्त बनाउनको लागि तालिमहरु सञ्चालन गरिनुपर्दछ ।
- पुरातात्विक वस्तुहरुको (संस्कृति झल्कने) सङकलन गर्ने र संरक्षण गर्ने कार्यलाईं अघि बढाउनुपर्ने देखिन्छ ।
- स्थानीय धार्मिक स्थल देवीस्थान,गुम्बा,मठ मन्दिरहरुको संरक्षण सम्वर्द्वन र मर्मत कार्य गर्नुपर्ने देखिन्छ ।
- भौतिक पुर्वाधारहरु बाटो, यातायात,सञ्चार विद्युत ,खानेपानी, लगायतको क्षेत्रमा विस्तार र सुधार गनुपर्ने देखिन्छ ।
- पैदल हिँडनको लागि ट्रेकिङ्ग रुटहरुको निर्माण गरिनु पर्ने ।
- दृयावलोकनको लागि भ्यु पोइन्टको निर्माण गर्ने ।
- जातीय तथा सांस्कृतिक सङग्राहलय को निर्माण गरिनुपर्ने ।
- स्थानीय सञ्चार माध्यममा स्थानीय पत्रपत्रिका,रेडियो मा प्रचार प्रसार गर्नुपर्ने ।
- सामाजिक सञ्जालमा यसको प्रचार गर्ने ।
- विशेष अवसर र चाडपर्वहरुमा कार्यक्रमहरुको आयोजना गर्नुपर्ने ।
- प्रचार-प्रसारलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा विस्तार गनुपर्ने देखिन्छ ।

# सन्दर्भ सामाग्री


१. ओझा नेत्रकुमार (२०६९), *समाजशास्त्र र मानवशास्त्रमा अनुसन्धान पद्धति,* दिव्य देउराली प्रकाशन प्रा.लि., बागबजार, काठमाडौं ।

२. *पर्यटन र पर्यटकको अर्थ र परिभाषा, २०७५,* लेख, तारा गाउँ विकास समिति काठमाडौं नेपाल ।

३. कार्की रनबहादुर, २०५८, *इलाम दर्शन इलाम* ,प्रकाशकः डिल्लीकुमारी कार्की ।

४. *होमस्टे बुलेटिन, २०७३,* पत्रिका होमस्टे घरबास एसोसिएसन नेपाल ।

५. *होमस्टे सञ्चालन कार्यविधि निर्देशिका, २०६७* एक जिल्ला एक उत्पादन कार्यक्रम नेपाल ।

६. *शान्ति सन्देश इलाम २०७१,* स्मारिका स्थानिय शान्ति समिति इलाम ।

७. प्रसाई, डा. अलकबाबु, २०७३, लेख *होमस्टे अन्तराष्ट्रिय अभ्यास र अनुभव* ।

८. ओझा, नेत्र, २०७३, *समाजशास्त्रमा सैद्धान्तिक दृष्टिकोणहरु* दिव्यदेउराली काठमाडौं नेपाल ।

९. भट्टराई, सुरजप्रसाद, ओझा, नेत्रकुमार २०७०, *समाजशास्त्रिय अनुसन्धानमा सिद्धान्त विधि र तथ्याङ्क शास्त्र* पिनाकल प्रकाशन काठमाडौं ।

१०.देवकोटा पदमलाल, ओझा नेत्रकुमार,२०६९, *समाजशास्त्रीय सैद्धान्तिक दृष्टिकोणहरु* पैरवी प्रकाशन

११.अन्नपूर्ण पोष्ट पत्रिका *२०७५ शनिवार ३०, असार* ।

१२ Yong, Pauline V, 1966, *Scientific Social Servey and Research,* University of Wasington.

## अनुसुची -एक

**अध्ययनका क्रममा प्रयोग गरिएका प्रश्नावली**

**१.व्याक्तिगत विवरण**

नाम : जातीः उमेरः धर्म :

परिवारको संख्या :

**२. तपाईको शैक्षिक योग्यता कति हो ?**

क. निरक्षर ख. साक्षर ग.प्राथमिक तह घ.नि.मा.वि ङ मा.वि च.स्नातक छ स्नात्तकोतर

**३ तपाईले कति सालमा घरबास व्यावसाय सुरु गर्नु भयो ?**

..........................................................................

**४ तपाईलाई घरबास व्यावसाय सञ्चालन गर्न कुन पक्षले उत्प्रेरित गर्‍यो ?**

क. आम्दानी

ख.महिला सशक्तिकरण

ग.रोजगारी घ

. अन्य व्याक्ति सँग सम्बन्ध बढ्ने

ङ सामाजिक एकता

**५. तपाईको मुख्य पेशा के हो ?**

क.घरबास व्यावसाय ख. कृषि ग.पशुपालन घ.व्यापार ङ वैदेशिक रोजगार च. नोकरी

**६.तपाईको घरबासमा उपलब्ध सेवा सुविधाको बारेमा बताईदिनुसन् ?**

..........................................................................................

**७.तपाईको परिवारको कति जना सदस्य घरबास व्यावसायमा संलग्न हुनुहुन्छ ?**

क. सम्पुर्ण सदस्य ख. केही सदस्य मात्र

**८. तपाईले कति ओटा कोठा घरबास व्यावसायको लागि व्यावस्थापन गर्नुभएको छ ?**

| कोठाको प्रकार | कोठाको संख्या | शैयाको संख्या | दर/रेट /पर बेड रु |
|---|---|---|---|
| सिंगल | .................. | .................. | .......................... |
| डबल | .................. | ................... | ........................ |
| संयुक्त | ..................... | .................... | ......................... |

**९. तपाईले घरबास व्यावसायको लागि कति लगानी गर्नु भएको छ ?**

...........................

**१०. औसत महिनामा कति जना पर्यटकले तपाईको घरबासमा भ्रमण गरे ?**

क. ५ जना ख. ६-१० ग.१० -१५ घ. १५ भन्दा माथि

**११. कति समय घरबासमा रहन्छन् ?**

क. केही समय ख. १-३ दिन ग. ३-५ दिन घ. ५ दिन भन्दा बढी

**१२. कस्ता प्रकारका पर्यटकले तपाईको घरबासमा भ्रमण गर्न आउछन् ?**

क. आन्तरिक ख.बाह्य

**१३.यस स्थानको विकासको लागि के गर्न सकिन्छ ?**

क. भ्यु पोइन्टको निर्माण ख. ट्रेकिङ रुटहरुको निर्माण ग. सांस्कृतिक संग्राहलय निर्माण घ. अन्य

**१४. यस घरबास व्यावसायमा विशेष कुन कुन जातीको संलग्नता रहेको छ ?**

क. लिम्बु ख. नेवार ग. दुवै घ. अन्य

**१५.यस स्थानमा पर्यटकको बसाई अवधी लम्बयाउन को लागि के-के गर्न सकिन्छ ?**

..............................................................................................................

**१६. तपाईले तपाईको घरबासमा आउने पाहुनाहरुलाई घरबासको सेवा सुविधा राम्ररी दिन सक्नु भएको ?**

क. छ    ख. छैन्    ग.  थाहा छैन्

**१७.यदि छ भने कसरी र छैन् भने कुन पक्षको कारण अप्ठयारो परेको छ ?**

...........................................................................................................................

...........................

**१८. के तपाई अन्य घरपरिवारलाई पनि घरबास व्यावसाय सुरु गर्न सल्लाह दिनु हुन्छ ?**

...........................................................................................................

....................................................

**१९. तपाईको विचारमा पर्यटन क्षेत्रको सुधारको लागि केही सुझाव दिन चाहानु हुन्छ ?**

...........................................................................................................................

................

**२०. तपाईको विचारमा घरबास पर्यटनले समुदायको मानिसको सामाजिक तथा आर्थिक स्तरमा केही प्रभाव पारेको छ ?**

क. छ  ख. छैन्

**२१. छ भने कस्तो प्रभाव पारेको छ ?**

क. सकारात्मक ख. नकारात्मक

**२२. तपाईलाई के लाग्छ यस क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न राज्यबाट केही सहयोग प्रप्त भएको छ ?**

क. छ  ख. छैन्  ग. थाहा छैन्

**२२. घरबास व्यावसाय प्रति मानिसको आकर्षण कस्तो छ ?**

क. बढ्दो  ख. घट्दो

**२३. के कारणले घरबास व्यावसाय प्रति आकर्षण बढ्दो छ ?**

क. नयाँ व्यावसाय भएर  ख. काम गर्न सजिलो भएर   ग.बेरोजगार भएर  घ. अन्य

**२४ तपाईले घरबास व्यावसायको लागि केही तालिम वा अतिथी सत्कारको बारेमा केही जानकारी लिनु भएको छ ?**

क. छ  ख. छैन्

**२५. तपाईको विचारमा घरबास व्यावसायलाई दिगो बनाउन कुन-कुन पक्षको कस्तो योगदान रहन सक्छ ?**

..........................................................................................................................

......................................................................................

**२६. अन्तयमा तपाईको घरबास व्यावसायको सेवा सुविधाको  बारेमा केही भन्न चाहानुहुन्छ ?**

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

.......

मिती                                                                                                    हस्ताक्षर


# अनुसूची २

## नेपालको नक्सा






इलाम नगरपालिकाको नक्सा (१२ वडा सहित)



# अनुसूची ३

## इलमा नगरपालिका वडा ६ मा रहेको बालनगाउँ होमस्टेका केही दृश्यहरु

इलाम नगरपालिका वडा नं.६ बालनगाउँ  होमस्टे रहेको क्षेत्र (अध्ययन क्षेत्र)



बालनगाउँ सामुदायिक घरबास सामुदायिक भवन



बालनगाउँ घरबासका लागि बनाइएका घरको झलक



बालनगाउँ होमस्टेका लागि बनाइएका पाउना कोठाको एक झलक



बालनगाउँ होमस्टे सामदायिक भवन जाने बाटो



स्थानिय होमस्टे सञ्चालक सदस्यहरु सरसफाई अभियानमा सम्लग्न हुँदै



विदेशी तथा स्वदेशी पाउनाहरुलाई विभिन्न साँस्कृतिक नृत्यका साथ स्वागत गर्दै




स्थानिय होमस्टे सञ्चालकहरु विदेशी तथा स्वदेशी पाउनाहरुका साथमा



स्थानिय परिकार बनाउदै होमस्टे सञ्चालक सदस्य



होमस्टे सञ्चालक सदस्यहरुले बनाएका फुलबारीको एक झलक



अध्ययनकर्ताले स्थानीय होमस्टे सञ्चालक सदस्यसँग लिइएको अन्तर्वार्ताका झलकहरु

